# मधुवन नगरपालिका भएर बग्ने बबई नदीबाट नदीजन्य पदार्थ ढुंगा, गिट्टी र बालुवाको उत्खनन्, संकलनन्, बिक्रि तथा व्यवस्थापन कार्य सञ्चालनका लागि गरिएको

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन

## (Final Report)

**पेश गरेको कार्यालय**

**मधुवन नगरपालिकाको कार्यालय,**

बर्दिया, लुम्बिनी प्रदेश

**प्रस्तावक**

**मधुवन नगरपालिकाको कार्यालय,**

बर्दिया, लुम्बिनी प्रदेश

**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार पार्ने संस्था**

**दिभान्स ईन्जिनियरिङ्ग कन्सल्टेन्ट कन्स्ट्रक्सन  एण्ड सप्लायर्स प्रा.लि.,**

**महालक्ष्मी न.पा.-०५, ललितपुर**

पुष, २०८१

# कार्यकारी सारांश

## परिचय

मधुवन नगरपालिकाले आफ्नो क्षेत्रभित्रको बबई नदीलाई ढुंगा, गिट्टी, बालुवा इत्यादीको उत्खनन्, संकलन, ढुवानी, बिक्रि र व्यवस्थापन कार्य गर्नको लागि प्रस्ताव गरेको छ । नगरपालिका भित्रको प्रस्तावित बबई नदीबाट ढुंगा, गिट्टी, बालुवा संकलन कार्य गर्दा स्थानीय जैविक, भौतिक, रासायनिक, सामाजिक तथा सांस्कृतिक वातावरणमा पर्ने असरहरुबारे लेखाजोखा गरी बबई नदीबाट दीगो रुपमा ढुंगा, गिट्टी, बालुवा संकलनमा टेवा पुऱ्याउनु यस प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययनको प्रमुख उद्देश्य हो । प्राकृतिक रुपमा नदीमा पाइने ढुंगा, गिट्टी, बालुवा दिगो रुपमा संकलन तथा उत्खनन् गर्दा नगरपालिकाको राजस्व संकलन तथा आर्थिक विकासमा टेवा पुग्दछ । यसरी ढुंगा, गिट्टी, बालुवा उत्खनन् कार्य गर्दा उत्खनन् क्षेत्र वरपर वातावरणीय असरहरु पर्दछन । मधुवन नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि (२०७७) अनुसार प्रतिदिन ३०० घन मीटरसम्म ढुंगा, गिट्टी, बालुवा निकाल्ने अवस्थामा नदीहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नुपर्ने प्रावधान अनुसार उक्त उत्खनन् कार्यबाट हुन सक्ने वातावरणीय जोखिम न्यूनीकरणको लागि यस (IEE) अध्ययन कार्य गरिएको हो । प्रस्तावित उत्खनन् क्षेत्रहरुको औसत लम्बाई ४७९.२२ मी. रहेको छ भने औसत चौडाइ ७१.७१२ मी रहेको छ । ०.६ मी. सम्मको गहिराईमा उत्खनन् गर्न सकिने अध्ययनले देखाएको छ । यस प्रस्तावित नदीको ढुंगा, बालुवा र गिट्टीको कुल परिमाण ८१,३१७ घ.मि. रहेको छ, जस मध्ये ४८,७९० घ.मी. ढुंगा, बालुवा र गिट्टी उत्खनन्, संकलन, ढुवानी, बिक्रि र व्यवस्थापन गर्न सकिनेछ । यो आकलन प्रत्येक एक बर्षको लागि गरिएको हुन्छ ।

### प्रस्तावको प्रमुख विशेषताहरु

| | |
|---|---|
| उत्खनन्/संकलन विधि | सामान्य हाते औजार वा कामदार तथा आवश्यकता अनुसार बहाव क्षेत्र बाहेक साना तथा मझौला मेसिन समेत प्रयोग गरी उत्खनन् गर्न पाइने । |
| उत्खनन्/संकलन ढुवानी काममा प्रयोग हुने सामाग्री वा मेशिनरी | ट्रिपर, भाडाका ट्र्याक्टर, ट्रक आदि । |
| उत्खनन्, संकलन, ढुवानी, बिक्रि र व्यवस्थापन गरिने अवधि | बर्षायाम बाहेक (असोज १ गते देखि जेष्ठ मसान्त सम्म, २७० दिन प्रति वर्ष) |
| प्रस्ताव अर्न्तगतका कार्यहरु | उत्खनन्, संकलन, ढुवानी, बिक्रि र व्यवस्थापन । |
| IEE प्रतिवेदनको वैधानिकता | IEE प्रतिवेदन स्वीकृत भएको मितिले २ वर्ष सम्म |
| उत्खनन् गर्न सकिने समय | बिहान सूर्योदय देखि बेलुका सूर्यास्त सम्मको समयमा मात्र । |
| प्रति दिन उत्खनन् गर्न मिल्ने परिमाण | ३०० घन मीटर |

## प्रस्ताव क्षेत्रको अवस्थिति

भौगोलिक अवस्थिति हेर्दा ८१°१९′२.०६०४″ देखि ८१°१८′४९.४६४″ सम्म, ८१°१८′१५.७८६″ देखि ८१°१८′२.७२१६″ सम्म पूर्वी देशान्तर र २८°१६′५२.२६६″ देखि २८°१६′५२.१४३६″ सम्म, २८°२१′०.२२३२″ देखि २८°२१′१८.९१८″ सम्म उत्तरी अक्षांशमा अवस्थित यस मधुवन नगरपालिका लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा रहेको नगरपालिका हो ।

## भौतिक वातावरण

यो नगरपालिका उत्तरमा लगभग १४० मीटर र दक्षिणमा १५० मीटर सम्मको होचो भू-भागमा फैलिएको छ । यस नगरपालिकाको सिमाना भित्र स्पष्ट देखिने महाभारत श्रेणीबाट बग्ने नदीहरु देख्न सकिन्छ । भू-धरातलको परिवर्तनले गर्दा माथिल्लो भागबाट बगेर आएका प्रशस्त ढुंगा, गेगर, बालुवा, माटो बर्षातको समयमा पानीले नदीको किनारमा थुपान्रे गर्दछ ।

## अध्ययन विधिः

यस प्रारम्भिक वातावरणीय परीक्षण, वातारण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ मा व्यवस्था भएका प्रक्रियाहरु पालन गरी अध्ययन तथा तयारी गरिएको हो । जस अनुसार प्राथमिक तथा द्वितीय सुचना तथा तथ्याङ्कहरुको संकलन तथा विश्लेषण, उत्खनन क्षेत्रको स्थलगत भ्रमण, अवलोकन तथा नापजाँच, स्थानीय जनसमुदायहरु तथा वडा/नगरपालिकाका प्रतिनिधिहरु सँग प्रस्तावको बारेमा छलफल तथा जानकारी र प्रभावित वर्गसँग अर्न्तक्रिया आदि कार्यहरु सम्पन्न गरियो ।

## सकारात्मक प्रभाव

## भौतिक प्रभाव

यस प्रस्ताव वा अध्ययन अनुसार वैज्ञानिक र व्यवस्थित विधिद्वारा ढुंगा, गिट्टी, बालुवा उत्खनन गर्नेहुँदा त्यस्ता नदीको सतह (वेड लेभल) नबढ्ने हुनाले नदीबाट पानी बाहिरी बस्ती तथा खेतीयोग्य क्षेत्रमा नजाने र थेग्रिएर बसेको स्थानबाट मात्र उत्खनन् कार्य गरिने हुदा त्यसबाट नदी किनारसमेत सुरक्षित रहनेछ ।

## आर्थिक प्रभाव

यस प्रस्तावले गर्दा सो क्षेत्रमा रहेको स्थनीय जनसमुदायलाई रोजगारको अवसर प्राप्त हुनेछ र साथै आवतजावत गर्नको लागि सडकको स्तरोन्नति हुने हुँदा अन्य प्रयोगका लागि समेत सहजता आउने देखिन्छ । यसबाट नगरपालिकाको वार्षिक राजस्व संकलनमा भारी सुधार आउने देखिन्छ । यस परियोजनाबाट संकलन गरिएको रकम स्थानीय जनताको जीविकोपार्जनमा सुधार गर्ने तथा एकीकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी र सडक जस्ता क्षेत्रहरुमा लगानी गर्न सकिन्छ ।

## नकारात्मक प्रभाव

## भौतिक प्रभाव

निर्धारित मापदण्ड नअपनाई उत्खनन् गरेको खण्डमा नदीको सतह गहिरिदा र बहाव परिवर्तन हुँदा खेतीयोग्य जमिनमा पर्याप्त मात्रामा सिंचाई नहुने अवस्था सिर्जना हुने तथा बाढीले कटान गर्ने जोखिम बढ्न सक्छ। संकलन कार्य गर्ने स्थान तथा ढुवानी गर्दा प्रयोग गर्ने कच्ची बाटोको वरपर सवारी साधनको वृद्धिले गर्दा धुँवा, धुलोको कारण वायु एवं ध्वनि प्रदुषण समेत बढ्छ। ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थहरुलाई प्रशोधन गर्नु अघि धेरै समयसम्म निश्चित ठाउँमा मौज्दात राखिने हुँदा त्यस क्षेत्र वरपरको वातावरणमा नकारात्मक असर पर्न सक्दछ। जस्तै हावाहुरीमा धुलो तथा बालुवाका कणहरु उड्ने तथा संकलन/उत्खनन् कार्यको समयमा नदी किनारमा कामदारको वृद्धिले फोहरमैलाको प्रदुषण बढ्न सक्छ। ढुवानीका सवारी साधन आवत जावतमा वृद्धि हुनाले उत्खनन्/संकलन क्षेत्र वरपर इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट बढी जल तथा माटो प्रदुषण बढ्न सक्छ।

## जैविक प्रभाव

प्रस्तावित क्रियाकलापहरु तथा गाडीको आवतजावतले उत्पन्न गरेको धुलो, धुँवा, ध्वनि र पानी प्रदुषणका कारण माछा एवं जलचर तथा अन्य वन्यजन्तुमा नकारात्मक असर पर्न सक्ने एवमं कामदारको अवैध चोरी शिकारीले गर्दा वन्यजन्तुको संख्या तथा बासस्थानमा प्रभाव पार्ने देखिन्छ।

## सामाजिक आर्थिक एवं सांस्कृतिक प्रभाव

खेतीयोग्य जग्गा संकलित ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र गाडी तथा सामाग्रीहरुको भण्डारणका लागि प्रयोग भई उत्पादनशिल भुमि खेर जाँदा सामाजिक रुपमा कृषिमा आश्रित स्थानीयहरुको जिवीकोपार्जनमा असर पुग्न सक्छ। कामदारले बसोबासको लागि शिविर स्थल निर्माण गरी बस्दा तथा सर-सामाग्री स्थापित गर्दा समेत सामाजिक तथा सांस्कृतिक वातावरणमा नकरात्मक प्रभाव पार्न सक्छ।

## रोकथामका उपायहरु

प्रस्तावित नदीबाट ढुंगा, गिट्टी, बालुवा निकाल्ने कार्यमा नदीको बहावमा कुनै प्रकारको असर पुग्ने गरी कार्य गर्न पाइने छैनभने नदी किनारालाई प्रभाव पर्ने गरी उत्खनन् र संकलन पनि गरिने छैन। ठुला खाल्टाहरु खनिने छैन साथै खनिएका खाल्टाहरुलाई समेत व्यवस्थित गरिने छ। स्थानीय स्तरमा आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक र जैविक वातावरणमा पर्ने नकारात्मक असरहरुको न्यूनीकरणका लागि निर्धारित मापदण्डहरु कडाइका साथ अवलम्बन गरिनेछ। उत्खनन् र संकलन कार्यबाट उत्सर्जन हुने वायु, जल, माटो तथा ध्वनि प्रदुषण नियन्त्रण र फोहर व्यवस्थित तरिकाले व्यवस्थापन गरिने छ। समय-समयमा सम्बन्धित निकायबाट सार्थक अनुगमन गरिने छ।

## निष्कर्ष तथा सुझावहरु

मधवन नगरपालिकाको बबई नदी वगर क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिट्टी तथा बालुवाको उत्खनन्, संकलनन्, ढुवानी, बिक्रि र व्यवस्थापन कार्य सञ्चालन गर्नको लागि यस प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन गरिएको हो। प्रस्तावित उत्खनन्, संकलनन्, ढुवानी, बिक्रि र व्यवस्थापन

कार्यबाट वातावरणमा पर्न सक्ने सम्भावित प्रभावको पहिचान, विश्लेषण तथा रोकथामका उपाएहरु पेश गरेको छ । प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनले प्रस्ताव कार्यन्वयनबाट न्यून मात्रामा नकारात्मक वातावरणीय असरहरु सृजना गर्ने कुरालाई इंगित गरेको छ तर वैज्ञानिक तथा दिगो तरिकाद्धारा उत्खनन् तथा संकलन नहुँदा र सदुपयोग हुन नसक्दा यसले विभिन्न विपरीत असरहरु सृजना गर्दछ, जस अन्तर्गत बाढी, पहिरो, भौतिक संरचनामा क्षति तथा मानिसको ज्यान समेत लिन सक्छ । प्रस्ताव कार्यन्वयनबाट निर्माणका लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा स्थानीयस्तर मै उपलब्ध हुने तथा स्थानीय बासिन्दाले रोजगारी पाउनुका साथै  नगरपालिकाको राजस्वमा उल्लेख्य वृद्धि हुने देखिन्छ । प्राकृतिक रुपमा सिर्जना हुने यी सम्पदाहरुको समुचित उपयोग, व्यवस्थापन तथा संरक्षण गर्नु पर्नेछ । यो प्रस्ताव कार्यन्वयन गर्दा नकारात्मक भन्दा सकारात्मक प्रभाव बढी देखिएकाले प्रभावहरुलाई न्यूनीकरण गर्ने तथा उल्लेखित कार्यहरु गर्ने, गराउने सर्तमा अनुमोदनको लागी प्रस्ताव सिफारिश गरिएको छ ।

उत्खनन् कार्य सुरु हुनु अघि सम्पुर्ण सरोकारवालालाई (नगरपालिकाका सम्बन्धित कर्मचारी, जनप्रतिनिधिहरु, ठेकेदार, तथा स्थानीय बासीहरु आदि) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरण संरक्षण सम्बन्धी जानकारी गराउनु पर्नेछ ।

- व्यवस्थापन तथा अनुगमन योजनामा दिइएका रोकथाम तथा न्यूनीकरणका उपायहरुको अनिवार्य कार्यान्वयन र त्यसको नियमित अनुगमन गर्नु पर्नेछ ।
- ठेक्का सम्झौतामा उल्लेख भएको परिमाण, स्थान, तथा ढुवानी आदिको नियमित अनुगमन गर्ने ।
- प्रत्येक वर्ष वर्षायाम पछि थुप्रिएका ढुगां, बालुवा तथा गिट्टीको परिमाण नाप जाँच गरी अभिलेख राख्ने र ठेकेदारले वर्षमा कुन स्थानबाट कति परिमाणमा उत्खनन्/संकलन गर्‍यो त्यसको अभिलेख राख्ने ।

# विषय सूची

**अध्याय एक (Chapter I)**........................................................................ १

परिचय (Introduction).................................................................................................. १

१.१ प्रस्तावको नाम (Name of the Proposal)...................................................... १

१.२ प्रस्तावकको नाम र ठेगाना............................................................................ १

१.३ IEE प्रतिवेदन तयार पार्ने संस्था..................................................................... १

१.४ प्रस्तावको पृष्ठभूमि........................................................................................ २

१.५ IEE को उद्देश्यहरु.......................................................................................... २

**अध्याय दुई (Chapter II)**....................................................................................... ३

प्रस्तावको सामान्य परिचय (General information) .................................................. ३

२.१ प्रस्तावको प्रकार.............................................................................................. ३

२.२ प्रस्तावका प्रमुख विशेषताहरु............................................................................ ३

२.३ प्रस्तावको विवरण (Prososal Description)..................................................... ४

२.३.१ प्रस्तावको उद्देश्य............................................................................................ ४

२.३.२ प्रस्तव क्षेत्रको अवस्थिति................................................................................ ४

२.३.३. प्रस्ताव क्षेत्रमा यातायातको पहुँच.................................................................. ८

२.३.४ प्रभाव क्षेत्र निर्धारण........................................................................................ ८

२.३.५ उत्खनन्/संकलन र ढुवानी (कार्य र विधि)....................................................... ९

२.३.६ नदीजन्य पदार्थ संकलन लागि निर्धारित दूरी सम्बन्धी मापदण्ड......................... १०

२.४ प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्नु आवश्यकता.................................. १०

२.५ उत्खनन्/संकलन गरिने परिमाणको आकलन (वार्षिक र दैनिक रुपमा उत्खनन्/संकलन गर्न.............................................................................. ११

२.६ उत्खनन्/संकलन गरिने परिमाणको प्राप्त हुने राजस्व......................................... ११

**अध्याय तीन (Chapter III)**.................................................................................... १३

अध्ययन विधि (Study Methodology) ..................................................................... १३

३.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेशण.................... १३

३.२ फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरीक्षण............................................................... १४

३.३ तथ्याङ्क विश्लेशण, प्रभावहरुको पहिचान/मुल्याङ्कन, प्रभाव न्यूनीकरणका विधिहरुको पहिचान.................................................................................................. १४

**अध्याय चार (Chapter IV)**.................................................................................... १५

विधान, नीति, कानुनी व्यवस्था निर्देशिका, मापदण्ड एवं सम्मेलनहरुको पुनरावलोकन......... १५

४.१ नेपालको संविधान, २०७२.................................................................................. १५

४.२ ढुङ्गा गिट्टी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७........ १५
४.३ संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७. १६
४.४ वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियावली, २०७७................ १६
४.५ वन ऐन २०७६ र वन नियमावली, २०७९................................................ १६
४.६ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९............................................ १६
४.७ भू-तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२........................ १६
४.८ स्थानीय सरकार सञ्चालन ऐन, २०७४........................................................ १८
४.९ फोहोरमैला व्यवस्थापन ऐन, २०६८............................................................ १८
४.१० निर्देशिका.................................................................................... १८
४.१०.१ वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०........................................ १८
४.१०.२ सर्वोच्च अदालतको आदेश र रोडा, ढुंगा, गिट्टी तथा बालुवा नियमन् सम्बन्धी प्रतिवेदन.................................................................................... १८
४.१०.३ मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिको निर्णय - २०७०/०३/२७......... १९
४.११ अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु.......................................................... १९
**अध्याय पाँच (Chapter V)**.............................................................................. २०
वस्तुगत वातावरणीय अवस्था (Description of the Existing Environmental Conditions)...... २०
५.१ भौतिक वातावरण.................................................................................. २०
५.२ जैविक वातावरण.................................................................................. २०
५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण................................................ २२
**अध्याय छ (Chapter VI)**.............................................................................. २४
प्रस्ताव कार्यान्वयनका विकल्पहरु (Alternatives for the implementation of the proposal).. २४
६.१ प्रस्ताव कार्यान्वयन नगर्ने.......................................................................... २४
६.२ प्रस्तावका विकल्पहरु.............................................................................. २४
६.२.१ वैकल्पिक क्षेत्र.................................................................................. २४
६.२.२ वैकल्पिक समय तालिका एवं विधि.............................................................. २५
६.२.३ वैकल्पिक सम्पदाहरु.............................................................................. २५
**अध्याय सात (Chapter IVI)**.......................................................................... २६
प्रभाव पहिचान, अनुमान एवं मूल्याङ्गन.............................................................. २६
७.१ प्रस्तावको अनुकूल प्रभावहरु...................................................................... २६
७.१.१ भौतिक प्रभाव.................................................................................... २६
७.१.२ आर्थिक, सामाजिक एवं सांस्कृतिक प्रभाव...................................................... २६
७.१.३ जैविक प्रभाव.................................................................................... २८

७.२ प्रस्तावका प्रतिकूल प्रभावहरु.................... २८
७.२.१ भौतिक प्रभाव.................... २८
७.२.२ आर्थिक, सामाजिक एवं सांस्कृतिक प्रभाव.................... २९
७.२.३ जैविक प्रभाव.................... ३०
७.२.४ रासायनिक प्रभाव.................... ३१
७.३ प्रभाव पहिचान, अनुमान एवं मूल्यांकन.................... ३१
**अध्याय आठ (Chapter VIII)**.................... ३६
प्रभाव बढोत्तीकरण एवं न्यूनीकरण गर्ने उपायहरु.................... ३६
८.१ प्रस्तावको अनुकुल प्रभावहरु बढोत्तीरकरण.................... ३६
८.१.१ भौतिक वातावरण.................... ३६
८.१.२ आर्थिक, सामाजिक एवं सांस्कृतिक वातावरण.................... ३७
८.१.३ जैविक वातावरण.................... ३७
**अध्याय नौ (Chapter IX)**.................... ४१
वातावरणीय व्यवस्थापन योजना.................... ४१

९.१ वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु.................... ४१
९.२ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका.................... ४२
९.३ अनुगमन र न्यूनीकरणको खर्चको विवरण.................... ४३
९.४ वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरुको संगठनात्मक स्वरुप.................... ४४
**अध्याय दश (Chapter X)**.................... ४५
निष्कर्ष एवं सुझावहरु.................... ४५
१०.१ निष्कर्ष.................... ४५
१०.२ नगरपालिकाको प्रतिवद्धता.................... ४६

**अनुसुचीहरु (Annexes)**

अनुसुची १ : कार्यसूची स्वीकृत पत्र
अनुसुची २ : परीक्षण सूची/जाँच सूची एवं प्रश्नावली
अनुसुची ३ : सार्वजनिक सूचना र सार्वजनिक सुनुवाईको सूचना
अनुसुची ४ : सम्बन्धित वडाहरु, कार्यालयहरुलाई पठाएका विभिन्न पत्रहरु
अनुसुची ५ : वडाहरुबाट प्राप्त पत्रहरु
अनुसूची ६ : सार्वजनिक सुनुवाईका फोटोहरु र माइनुट

अनुसुची ७ : संकलन क्षेत्रका सान्दर्भिक फोटोह

## तालिकाको सूची

तालिका नं. १ : नदीजन्य पदार्थ उत्खनन्/संकलन क्षेत्रको विवरण........................................४
तालिका नं. २ : उत्खनन्/संकलन गरिने परिमाणको आकलन...........................................१२
तालिका नं. ३ : प्रभाव पहिचान, अनुमान एवं मुल्याङ्कन....................................................३१
तालिका नं. ४ : सकारात्मक प्रभावको बढोत्तरिकरण गर्ने उपायहरुको समीक्षा "म्याट्रिक्स".......३८
तालिका नं. ५ : नकारात्मक प्रभावको निराकरण गर्ने उपायहरुको समीक्षा "म्याट्रिक्स"............३९
तालिका नं. ६ : अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका...................४२
तालिका नं. ७ : वातावरण व्यवस्थापन योजना लागु गर्न संस्थागत गठनको ढाँचा...................४४

## चित्रहरुको सूची

चित्र नं. १ : मधुवन नगरपालिकाको प्रशासनिक नक्सा
चित्र नं. २ : मधुवन नगरपालिकाको प्रशासनिक नक्सा र प्रस्तावित उत्खनन् क्षेत्रहरु
चित्र नं. ३ : क्षेत्र १ अयोध्या फाँट सामुदायिक वन नजिक, मधुवन-९
चित्र नं. ४ : क्षेत्र २ लठुवा घाट, मधुवन-६
चित्र नं. ५ : क्षेत्र ३ लठुवा घाट, मधुवन-६
चित्र नं. ६ : क्षेत्र ४ कुम्रा घाट, मधुवन-४

## संक्षेपीकृत शब्दहरु र तिनका विस्तृत रुप

| | | |
|---|---|---|
| कि. मि. | : | किलोमिटर |
| घ. फि. | : | घन फिट |
| मि. | : | मिटर |
| मि. मि. | : | मिलिमिटर |
| रु. | : | रुपैयाँ |
| मु. अ. कर | : | मुल्य अभिवृद्धि कर |
| गै. स. सं. | : | गैर सरकारी संस्था |
| जि. वि. स. | : | जिल्ला विकास समिति |
| जि. व. का. | : | जिल्ला वन कार्यालय |
| जि. स. स. | : | जिल्ला समन्वय समिति |
| जि. अ. स. | : | जिल्ला अनुगमन समिति |
| न. पा. | : | नगरपालिका |
| डि. व. का. | : | डिभिजन वन कार्यालय |
| प्रा. वा. प. | : | प्रारम्भिक वातावरणीय परीक्षण |
| प्रा. लि. | : | प्राइभेट लिमिटेड |
| IEE | : | Initial Environmental Examination |
| ToR | : | Terms of Reference |

# अध्याय एक (Chapter I)
# परिचय (Introduction)

## १.१ प्रस्तावको नाम (Name of the proposal)

बर्दिया जिल्लाको मधुवन नगरपालिका बबई नदीको उपयोगी क्षेत्रबाट ढुंगा, बालुवा, गिट्टी इत्यादीको उत्खनन्, संकलनन्, ढुवानी, बिक्रि र व्यवस्थापन कार्यको कार्यान्वयनको लागि प्रस्ताव पेश गरेको छ। प्राकृतिक रुपमा नदीमा पाइने ढुंगा, गिट्टी, बालुवाको दिगो रुपमा उत्खनन् तथा संकलन गर्दा एकातर्फ नगरपालिकाको राजस्व संकलनमा टेवा पुग्दछ भने अर्को तर्फ नदी नजिक रहेका गाँउबस्ती तथा खेतीयोग्य जमिनमा बाढीका कारणबाट हुने जोखिमलाई न्यूनीकरण गर्दछ ।

## १.२ प्रस्तावकको नाम र ठेगाना

**प्रस्तावकको नाम : मधुवन नगरपालिकाको कार्यालय**

ठेगाना : मधुवन नगरपालिकाको कार्यालय, बर्दिया

फोन नं. : +९७७-०८४-४४०१११ (कार्यालय)

ई मेल : madhuwanmun@gmail.com

## १.३ IEE प्रतिवेदन तयार पार्ने संस्था

संस्थाको नामः दिभान्स ईन्जिनियरिङ्ग कन्सल्टेन्ट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.

ठेगाना : महालक्ष्मी न.पा.-०५, ललितपुर

सम्पर्क नं. : ९८२३८४५०११

ईमेल : deevanceengineering@gmail.com

**<u>अध्यनय टोलीका सदस्यहरु</u>**

| | | |
|---|---|---|
| वातावरणविद् | : | श्री रमेश कुमार दाहाल |
| भु-गर्भविद | : | श्री नितेश अधिकारी |
| सिभिल ईन्जिनियर | : | श्री अशोक अधिकारी |
| हाईड्रोलोजिस्ट | : | श्री उमेश धिताल |
| सामाजिक विज्ञ | : | श्री सुनिल रावल |

## १.४ प्रस्तावको पृष्ठभूमि

जलश्रोतको दृष्टिकोणबाट नेपाल विश्वको दोश्रो स्थानमा रहेको छ । नेपालका नदीहरुले वर्षाको समयमा विभिन्न भू-भागबाट बहदै आउदा वार्षिक रुपमा विभिन्न प्रकारका नदीजन्य प्राकृतिक पर्दाथहरु बगाउदै ल्याईरहेको हुन्छ । नदीहरुमा बगेर आउने नदीजन्य प्राकृतिक पर्दाथहरुको उत्खनन्/संकलन गरी विकास निर्माणलाई तिव्र बनाउदै लैजानु आजको प्रमुख आवश्यकता रहेको छ। यसबाट स्थानीय निकायमा राजस्वको आम्दानी बढ्ने, स्थानीय स्तरमा विकास निर्माणको लागि स्थानीय कच्चा पदार्थको सहज रुपमा उपलब्ध हुने हुन्छ तर अधिक मात्रामा यस्ता पर्दाथहरुको दोहन हुँदा स्थानीय स्तरमा प्राकृतिक प्रकोप, नदी कटान जस्ता वातावरणीय प्रभावहरु, धार्मिक तथा सांस्कृतिक प्रभावहरु पर्ने सक्ने हुनाले यस्ता प्रभावहरुलाई न्यूनीकरण गर्दै दिगो र वातावरणमैत्री ढङ्गबाट नदीजन्य पदार्थको उत्खनन्/संकलन गर्नका लागि नेपाल सरकार, संघीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयले प्रकृतीक पर्दाथको उत्खनन्/संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को अनिवार्य व्यवस्था गरेको छ र विगतमा केन्द्रिय स्तरमा रहेको यस अधिकारलाई सम्वन्धित जिल्ला समन्वय समितिमा प्रत्योजन गरी प्रकृयागत सरलता र सहजता भएको छ ।

नदीजन्य प्राकृतिक पर्दाथबाट संकलन हुने राजस्व रकम मधुवन नगरपालिकाको आन्तरिक आम्दानीको प्रमुख आम्दानीको श्रोतका रुपमा रहेको देखिन्छ। नगरपालिकाद्वारा उत्खनन् कार्य व्यवस्थित गर्नका लागि बबई नदीको विभिन्न स्थानहरुबाट ढुङ्गा गिट्टी र बालुवा उत्खनन् गर्न सम्बन्धित वडाहरुमा निश्चित स्थानहरु तोकिदिएको छ । नदीजन्य पदार्थको उत्खनन्, संकलनन्, ढुवानी, बिक्रि र व्यवस्थापन कार्य गर्नको लागि नगरपालिकाले बबई नदी, मधवन नगरपालिका वडा नं. ४, ५, ६, ८, र ९ मा पर्ने नदीको क्षेत्रलाई प्रस्ताव गरेको छ ।

तोकिएका स्थानमा नदीबाट कति मात्रामा नदीजन्य पदार्थहरु सङ्कलन गर्न सकिन्छ र कति गर्दा वातावरणमा कमभन्दा कम असर पर्छ, कसरी वातावरणमैत्री उत्खनन् गरी दिगो विकासलाई अवलम्बन गर्न सकिन्छ भन्ने मुख्य उद्देश्यका साथ यो प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्न लागिएको हो ।

## १.५ IEE को उद्देश्यहरु

मधवन नगरपालिका भित्रका प्रस्तावित नदीबाट प्राकृतिक नदीजन्य पदार्थको संकलनबारे स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा पर्ने असरहरुबारे लेखाजोखा गरी वातावरणमैत्री रुपमा मधुवन नगरपालिका भित्रको नदीहरुबाट ढुंगा, बालुवा, ग्रावेल आदिको संकलनमा टेवा पुर्‍याउनु यस कार्यको प्रमूख उद्देश्य रहेको छ। अन्य विशिष्ट उद्देश्यहरु निम्मानुसार रहेका छन् ।

- नदीको अवस्था, स्थिति र बहावलाई नियन्त्रण गर्ने उपाय पत्ता लगाई अवलम्वन गर्ने ।
- नदीको बहाव र बनोट व्यवस्थित गरी ढुंगा, गिटी, बालुवाको उत्खननबाट आम्दानी गर्ने ।
- स्थानीय स्तरमा वैकल्पिक रोजगारी सिर्जना गरी थप आय आर्जनको अवसरहरु प्रदान गर्ने
- स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रको विकासमा प्राकृतिक स्रोतबाट योगदान दिने ।
- नदीबाट व्यवस्थित रुपमा नदीजन्य पदार्थ संकलन गरी नदीको समेत संरक्षणको व्यवस्था मिलाउने ।

# अध्याय दुई (Chapter II)
# प्रस्तावको सामान्य परिचय (General Information)

## २.१ प्रस्तावको प्रकार

प्रस्तुत प्रस्ताव बर्दिया जिल्लाको बबई नदीबाट ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थहरुको दिगो एवं वातावरणमैत्री तवरले उत्खनन्, संकलनन्, ढुवानी, बिक्रि र व्यवस्थापन गर्ने कार्यका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन हो ।

## २.२ प्रस्तावका प्रमुख विशेषताहरु

क **प्रस्तावको नाम** : मधवन नगरपालिकाको बबई नदीबाट दिगो रुपमा ढुंगा, गिट्टी तथा बालुवाको उत्खनन्, संकलनन्, ढुवानी, बिक्रि र व्यवस्थापन ।

ख **प्रस्तावको अवस्थितिः**

| क्र.स. | प्रदेश | लुम्बिनी प्रदेश |
|---|---|---|
| क | जिल्ला | बर्दिया |
| ख | नगरपालिका | मधुवन नगरपालिका |
| ग | उत्खनन् र संकलन क्षेत्र | बबई नदीको बगरक्षेत्र |
| घ | उत्खनन्/संकलन विधि | सामान्य हाते औजार वा कामदार तथा आवश्यकता अनुसार बहाव क्षेत्र बाहेक साना तथा मझौला मेसिन समेत प्रयोग गरी उत्खनन् गर्न पाइने । |
| ङ | उत्खनन्/संकलन ढुवानी कार्यमा प्रयोग हुने सामाग्री वा मेशिनरी | लोडर, ट्रिपर, ट्रयाक्टर आदि । |
| च | उत्खनन्/संकलन गरिने अवधि | बर्षायाम बाहेक (असोज १ गते देखि जेष्ठ मसान्त सम्म २७० दिन प्रति वर्ष) |
| छ | जम्मा भएको परिमाण | ८१,३१७ घ. मी. |
| ज | उत्खनन् गर्न सकिने परिमाण | **४८,७९० घ. मी.** |
| झ | प्रस्ताव अर्न्तगतका कार्यहरु | उत्खनन्, संकलनन्, ढुवानी, बिक्रि र व्यवस्थापन |
| ञ | IEE प्रतिवेदनको वैधानिकता | IEE प्रतिवेदन स्वीकृत भएको मितिले २ वर्ष सम्म । |
| ट | उत्खनन् गर्न सकिने समय | बिहान सूर्योदय देखि बेलुका सूर्यास्त सम्मको समयमा मात्र । |
| ठ | प्रतिदिन उत्खनन् गर्न मिल्ने परिमाण | ३०० घ.मि |
| ढ | उत्खनन् गर्न मिल्ने औसत गहिराइ | ०.६ मि. |

## २.३ प्रस्तावको विवरण (Proposal Description)

### २.३.१ प्रस्तावको उद्देश्य

प्रारम्भिक वातावरणीय परीक्षणको मुख्य उद्देश्य बर्दिया जिल्लाको मधुवन नगरपालिका भएर बग्ने बबई नदीको बगर क्षेत्रबाट वातावरणमैत्री ढङ्गले ढुंगा, र माटो संकलन तथा उत्खनन कार्य गरी नदीहरुको वनावट यथास्थितिमा राखी तल्लो तटिय क्षेत्रमा ढुंगा, माटोको थेग्रान बढ्न नदिई नदीको बहाव र धारलाई निरन्तर गतिमा बग्न दिने हो । अन्य उद्देश्यहरु निम्न वमोजिम रहेका छन् :

- प्रस्तावित क्षेत्रको वातावरणको बारेमा आधारभूत तथ्याङ्कहरु उपलब्ध गराउनु ।
- प्रस्तावित क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन्/संकलन कार्यहरुले गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक तथा संस्कृतिक वातावरणमा पर्ने असरहरु पत्ता लगाउनु ।
- वातावरणमा पर्ने नकारात्मक प्रभावको न्यूनीकरणका उपायहरु र सकारात्मक प्रभाव बढाउने उपायहरु बारे व्यवहारिक उपायहरु दिने ।
- वातावरणीय अनुगमन योजना बनाई कार्यान्वयन गर्ने ।
- प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन आवश्यक रहे नरहेको एकिन गर्न ।
- बर्षेनी खेर गइरहेको उत्पादित सामाग्री निमार्ण कार्यमा प्रयोग गरी राजस्व परिचालनको संभाव्यता पत्ता लगाउन ।
- नदीको बहाव परिर्वतन हुन सक्ने र त्यसबाट हुन सक्ने क्षति रोक्न, आफ्नो बहावमा बगिरहन दिन उपाय पहिचान गर्नु ।

### २.३.२ प्रस्ताव क्षेत्रको अवस्थितिः

नदी जन्य पदार्थ उत्खनन् तथा संकलनको लागि मधवन नगरपालिकाको वडा नं. ४, ५, ६, ८, र ९ सम्मको बबई नदीको बगर क्षेत्र प्रस्ताव गरिएको छ ।

**तालिका नं १: नदीजन्य पदार्थ उत्खनन्/संकलन क्षेत्रको विवरण**

| नदीको नाम | स्थानीय घाटको नाम | उत्खनन्/संकलन गरिने पदार्थ | जि.पि.एस. अवस्थिती मध्यविन्दु | | दिगो उत्खनन्/संकलन गर्न सकिने परिमाण (घ. मि.) |
|---|---|---|---|---|---|
| | | | अक्षांश | देशान्तर | |
| बबई नदी | अयोध्या फाँट सामुदामिक वन नजिक, मधुवन-९ | ढुंगा, गिट्टी र बालुवा | २८°१६′५२.२६६″ देखि २८°१६′५२.१४३६″ सम्म | ८१°१९′२.०६०४″ देखि ८१°१८′४९.४६४″ सम्म | १०९२२ |
| बबई नदी | लठुवा घाट मधुवन-६ | ढुंगा, गिट्टी र बालुवा | २८°१८′१५.२७१२″ देखि २८°१८′३३.१७०४″ सम्म | ८१°१८′१४.३८९२″ देखि ८१°१८′२५.०८१२″ सम्म | १६८७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| बबई नदी | लठुवा घाट<br>मधुवन-६ | ढुंगा, गिट्टी र बालुवा | २८°१९′४१.२९३२″<br>देखि<br>२८°१९′४७.७९१२″<br>सम्म | ८१°१८′२९.७७५६″<br>देखि<br>८१°१८′३६.५३२८″<br>सम्म | ६०९३ |
| बबई नदी | कुम्राघाट<br>मधुवन-४ | ढुंगा, गिट्टी र बालुवा | २८°२१′०.२२३२″<br>देखि<br>२८°२१′१८.९१८″<br>सम्म | ८१°१८′१५.७८६″<br>देखि<br>८१°१८′२.७२१६″<br>सम्म | १४९०० |
| **निकाल्न योग्य जम्मा परिमाण** | | | | | **४८,७९०** |

*(श्रोतः फिल्ड सर्वे)*




चित्र नं. १: मधुवन नगरपालिकाको प्रशासनिक नक्सा




चित्र नं. २: मधुवन नगरपालिकाको प्रशासनिक नक्सा र प्रस्तावित उत्खनन् क्षेत्रहरु




चित्र नं. ३: क्षेत्र १: अयोध्या फाँट सामुदायिक वन नजिक, मधुवन-९




चित्र नं. ४: क्षेत्र २ लठुवा घाट, मधुवन-६




चित्र नं. ५: क्षेत्र ३ लठुवा घाट, मधुवन-६




चित्र नं. ६: क्षेत्र ४ कुम्राघाट, मधुवन-४

## २.३.३. प्रस्ताव क्षेत्रमा यातायातको पहुँच:

प्रस्ताव क्षेत्रमा शाखा मार्गहरु पनि बाह्रै महिना सवारी साधान चल्न सक्ने सडकका रुपमा रहेका छन् भने नदी सम्म पुग्ने पहुँच मार्गहरु कच्ची रहेको छ ।

## २.३.४ प्रभाव क्षेत्र निर्धारण:

प्रस्तावित उत्खनन क्षेत्र मध्ये वातावरणीय हिसावमा उच्च प्रभाव क्षेत्र, मध्यम प्रभाव क्षेत्र र न्यून प्रभाव क्षेत्रगरि क्षेत्र निर्धारण गरिएको छ ।

**उच्च प्रभाव क्षेत्र:** यो क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् तथा संकलनन् गरिने स्थल पर्दछ । उत्खनन क्षेत्र तथा त्यसको २०० मिटर परिधि सम्मको क्षेत्रलाई उच्च प्रभाव क्षेत्रको रुपमा छुट्याइएको छ ।

**मध्यम प्रभाव क्षेत्र:** उत्खनन क्षेत्र तथा त्यसको २०० मिटर देखि ५०० मिटर परिधि सम्मको क्षेत्रलाई मध्यम प्रभाव क्षेत्रको रुपमा छुट्याइएको छ । जहाँ कामदारहरुको अस्थायी टहराहरु तथा ढुवानीका साधनहरुको चहलपहल हुने गर्छ ।

**न्यून प्रभाव क्षेत्र:** न्युन प्रभाव क्षेत्रमा प्रत्यक्ष उत्खनन संकलनका कार्यहरु नहुने भएतापनि सामाजिक आर्थिक प्रभाव पर्न सक्ने कुरालाई मध्यनजर राखेर क्षेत्र निर्धारण गरिएको हो।

मध्यम प्रभाव क्षेत्रबाट १ कि.मि. परिधि भित्र पर्ने क्षेत्र तथा बस्तीहरुलाई यस क्षेत्रभित्र सीमाङ्कन गरिएको छ ।

## २.३.५ उत्खनन्/संकलन र ढुवानी (कार्य र विधि)

प्रस्तावित नदीबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन्/संकलन गर्दा मुख्यतया निम्न लिखित तरिकाहरु अपनाईने छ ।

- यस प्रतिवेदनले तोकिएको स्थानबाट मात्र ढुङ्गा, गिट्टी तथा बालुवा र भरौट उत्खनन्/संकलन गर्ने ।
- सामान्य हाते औजार वा कामदार तथा आवश्यकता अनुसार बहाव क्षेत्र बाहेक साना तथा मझौला मेसिन समेत प्रयोग गरी उत्खनन् गर्न पाइने ।
- नदीमा पानी भैरहेको वा बगिरहेको क्षेत्रबाट श्रोत ननिकाल्ने ।
- नदीको धार परिवर्तन हुने गरी श्रोत संकलन नगर्ने ।
- नदीको पानीको सतहभन्दा गहिरो हुने गरी श्रोत उत्खनन नगरिने ।
- तोकिएको दैनिक परिमाण भन्दा बढी उत्खनन नहुने ।
- विद्यमान ऐन नियमको अधिनमा रही संकलन गर्ने ।
- ढुवानीको हकमा भाडाका ट्र्याक्टर, टिपरहरु प्रयोग गर्ने ।

उपरोक्त श्रोतहरु संकलन कार्य गर्दा समय, परिमाण आदि सबै विषयलाई गम्भीरताका साथ हेरी त्यस सम्बन्धमा संकलनकर्ता, ठेकेदार र कामदारहरु लाई तालिम दिएर मात्र संकलन गरिने छ । संकलन उत्खनन कार्यमा संलग्न हुने कामदारहरुको संख्या न्यून हुने तथा सकेसम्म स्थानीय व्यक्तिलाई रोजगारी दिने नीति अवलम्बन गरिने भएकोले संकलन क्षेत्रहरुमा कामदारहरुको लागि शिविर स्थल बनाउन आवश्यक नपर्ने देखिन्छ । त्यस्तै संकलन गर्दा खेर जाने वस्तुहरुको भण्डारण संकलन क्षेत्र वरिपरि सकेसम्म खेतीयोग्य निजी जमिनमा नपर्ने गरी अस्थायीरुपमा भण्डारण क्षेत्र स्थापना गर्नु पर्ने देखिन्छ ।

### २.३.६ नदीजन्य पदार्थ संकलन लागि निर्धारित दूरी सम्बन्धी मापदण्ड

प्रस्तावित नदीबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन गर्दा नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को दफा १९ (१) सँग सम्बन्धित अनुसूची (३) बमोजिम गरिनेछ ।

| क.सं. | विवरण | तराई तथा भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| १ | नदी, खोलाको वर्षातको प्रवाहमा आधारित सीमा किनार, | ५०० मिटर | ३०० मिटर |
| २ | तालतलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्र | ३०० मिटर | ३०० मिटर |
| ३ | २२० के भी भन्दा कमको हाईटेन्सन लाइनबाट | १०० मिटर | १०० मिटर |
| | २२० के भी भन्दा माथिको हाईटेन्सन लाइनबाट | ३०० मि. | २०० मिटर |
| ४ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | १ कि.मि. | ५०० मिटर |
| ५ | निकुञ्ज, आरक्ष क्षेत्र, संरक्षित क्षेत्र तथा चुरेको वातावरण संरक्षण क्षेत्रबाट | १ कि.मि. | ५०० मिटर |
| ६ | घनाबस्तिबाट | १ कि.मि. | ५०० मिटर |
| ७ | वन क्षेत्रबाट | १ कि.मि. | ५०० मिटर |
| ८ | झोलुंगे पुलबाट | २०० मि. | २०० मि. |
| ९ | पक्की पुलबाट | ५०० मि. | ३०० मि. |
| १० | राष्ट्रिय लोकमार्गको Right of Way बाट | ५०० मि. | ३०० मि. |
| ११ | प्रदेश स्तरका लोकमार्गको Right of Way बाट | ३०० मि. | २०० मि. |
| १२ | स्थानीयस्तरका कृषि तथा ग्रामिण सडकको Right of Way बाट | १०० मि. | १०० मि. |
| १३ | अन्तरराष्ट्रिय सिमानाबाट | कम्तीमा २ कि.मि. | कम्तीमा २ कि.मि. |

## २.४ प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्नु आवश्यकता

वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ सँग सम्बन्धित अनुसूचि १ (इ) खानी क्षेत्र अन्तर्गत बुदाँ नं. ५ (संसोधन सहित)ले नदीको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा तथा रोडाको उत्खनन् र सङ्कलन कार्य गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने उल्लेख भएको छ । सोही कुरालाई मध्यनजर गर्दै प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गरिएको हो ।

## २.५ उत्खनन्/संकलन गरिने परिमाणको आकलन (वार्षिक र दैनिक रुपमा उत्खनन्/संकलन गर्न)

**तालिका नं २ : उत्खनन्/संकलन गरिने परिमाणको आकलन**

| स्थानीय घाटको नाम | जि.पि.एस. अवस्थिति मध्यविन्दु | | लम्बाई (मि.) | चौडाई (मि.) | गहिराई (मि.) | मौजुदा परिमाण (घ.मि.) | सम्भाबित उत्खनन् मिल्ने परिमाण संकलन | अनुमानित राजस्व |
|---|---|---|---|---|---|---|---|---|
| | अक्षांश | देशान्तर | | | | | | |
| अयोध्या फाँट सामुदामिक वन नजिक, मधुवन-९ | २८°१६′५२.२६६″ देखि २८°१६′५२.१४३६″ सम्म | ८१°१९′२.०६०४″ देखि ८१°१८′४९.४६४″ सम्म | ३४३.४८ | ८८.३२६ | ०.६ | १८२०३ | १०९२२ | |
| लठुवा घाट मधुवन-६ | २८°१८′१५.२७१२″ देखि २८°१८′३३.१७०४″ सम्म | ८१°१८′१४.३८९२″ देखि ८१°१८′२५.०८१२″ सम्म | ६२७.६७ | ७४.६८ | ०.६ | २८१२५ | १६८७५ | |
| लठुवा घाट मधुवन-६ | २८°१९′४१.२९३२″ देखि २८°१९′४७.७९१२″ सम्म | ८१°१८′२९.७७५६″ देखि ८१°१८′३६.५३२८″ सम्म | २७०.६६ | ६२.५३ | ०.६ | १०१५५ | ६०९३ | |
| कुम्राघाट मधुवन-४ | २८°२१′०.२२३२″ देखि २८°२१′१८.९१८″ सम्म | ८१°१८′१५.७८६″ देखि ८१°१८′२.७२१६″ सम्म | ६७५.०७ | ६१.३१ | ०.६ | २४,८३३ | १४९०० | |
| **निकाल्न योग्य जम्मा परिमाण** | | | | | | **८१,३१७** | **४८,७९०** | |

*(श्रोत: फिल्ड सर्वे)*

## २.६ उत्खनन्/संकलन गरिने परिमाणको प्राप्त हुने राजस्व

प्रस्तावित नदीबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ४८,७९० घनमिटर वा १७,२३,००२.६० घनफुट नदी जन्य पदार्थबाट मधवन नगरपालिकाले लुम्बिनी प्रदेशको चलिरहेको दर रेट (मु.अ.कर बाहेक) प्रति घनफुट रु. ८ को दरले कायम गरि ठेक्काको निर्णय गर्न सक्दछ । यसै निर्णयको आघारमा यस नगरपालिकाले प्राप्त गर्ने राजस्वको आकलन तालिकामा गरिएको छ ।

| नदीजन्य पदार्थ | जम्मा |
|---|---|
| वार्षिक उत्खनन् सिफारिस गरिएको | ४८,७९० घनमिटर<br>वा<br>१७,२३,००२.६० घनफुट |
| प्रतिदिन उत्खनन् गर्न मिल्ने परिमाण | ३०० (घ.मि.) |
| लुम्बिनी प्रदेश सरकारकाले उत्खनन् दर प्रति घनफुट | रु. ८ /- (रुपैया आठ मात्र) |
| कुल राजस्व संकलन (मु.अ.कर बाहेक) | १७,२३,००२.६० x ८<br>= रु. १,३७,८४,०२०.८ /- |

# अध्याय तीन (Chapter III)
# अध्ययन विधि (Study Methodology)

## ३.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेशणः

स्थानीय सरकार संचालन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा भएको व्यवस्थाहरु, TOR को अध्ययन गरी तोकिएका क्षेत्रहरुमा गई स्थानीय बासिन्दाहरु, समाजसेवी, बुद्धिजिबीहरु, राजनीतिक दलका प्रतिनिधिहरुसँग ढुङ्गा, गिट्टी, बालुवा निकाल्दा वातावरणमा पर्न जाने असरहरुको सम्बन्धमा छलफल गरेर वातावरणीय अवस्थाको अध्ययन गरिएको छ । जिल्ला समन्वय समितिको कार्यालयबाट संकलन गरिएका आवश्यक सहयोगी सामग्रीहरुको पुनरावलोकन गरी प्रतिवेदन तयार गरिएको छ ।

- नेपालको संविधान
- नेपाल सरकार वातावरण संरक्षण ऐन, २०७६
- नेपाल सरकार वातावरण संरक्षण नियामावली, २०७७
- ढुंगा गिट्टी बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन मापदण्ड, २०७७
- केन्द्रीय तथ्याङ्क विभाग (२०११), राष्ट्रिय जनगणना
- केन्द्रीय तथ्याङ्क विभाग, २०७४ को तथ्याङ्क
- नेपाल सरकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- नेपाल सरकार, वन ऐन २०७६ तथा नियमावली, २०७९
- नेपाल सरकार, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०
- नेपाल सरकार, प्रदेश आर्थिक ऐन (लुम्बिनी प्रदेश)
- नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ (लुम्बिनी प्रदेश)
- केन्द्रीय तथ्याङ्क विभाग, मधुवन नगरपालिकाको प्रोफाईल
- खानी तथा खनिज पदार्थ ऐन, २०४२
- जैविक विविधता सम्बन्धी रणनीति, २०५९
- वातावरण मैत्री स्थानीय शासन प्रारूप, २०७०
- बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५९
- मधुवन नगरपालिकाको वातावरण तथा प्राकृतिक संरक्षण ऐन, २०७७
- मधुवन नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७
- मधुवन नगरपालिकाको पूर्व प्रारम्भिक वातावरणीय परीक्षण (IEE Report) प्रतिवेदन

संघीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालय वातावरण व्यवस्थापन शाखाको मिति २०७२/११/१८ को च.नं. ३४६ को अधिकार प्रत्योजन सम्वन्धको पत्र, नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७०/५/१७,

मिति २०७१/३/२, मिति २०७१/४/१, केन्द्रिय अनुगमन समितिको मिति २०७१/४/२३, मिति २०७१/५/१० को निर्णय लगायत विभिन्न समयमा भएका नीतिगत निर्णयहरु ।

## ३.२ फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा नगरपालिकाका प्रतिनिधि सहित प्राविधिकहरुको टोलीले स्थलगत भ्रमण गरी जैविक, भौतिक, आर्थिक, सामाजिक र सांस्कृतिक वातावरण सँग सम्बन्धित तथ्याङ्क तथा प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने असरहरु सम्बन्धी जानकारी रुजुसुची, प्रश्नावली, प्रधान सूचना दाता अर्न्तवार्ता, लक्षित समूह छलफलबाट लिइएको थियो ।

**छलफल**

प्रस्ताव कार्यान्वयन भएमा वरपरको क्षेत्रमा पर्न सक्ने प्रभावको सम्बन्धमा प्रस्तावित क्षेत्र वरपरका स्थानीयबासी, किसान, शिक्षक कर्मचारी, राजनीतिक दलका प्रतिनिधिहरुसँग सामुहिक छलफल गरिएको थियो । छलफल बाट आएका निष्कर्ष र सुझावहरु यस प्रकार रहेको छ :

- नदीजन्य पर्दाथको उत्खनन्/संकलन कार्यका लागि सामुदायिक वनको जस्तै स्थानीय वासिन्दाहरुले अपनत्व गर्ने सक्ने व्यवहारिक नीति तर्जुमा गर्न सकिएमा उपलब्धी मूलक हुने ।
- नदीजन्य पर्दाथको उत्खनन्/संकलन कार्यलाई सहज गर्न साना तथा मझौला मेशिन प्रयोग गर्न अनुमति दिनुपर्ने ।
- ठेक्कापट्टा प्रक्रिया पुर्व स्थानीय बासिन्दाको रोहवरमा सिमाङ्कन गरी ठेक्का लगाउने व्यवस्था गर्ने ।
- नदीको बहावलाई असर नपर्ने गरी नदीजन्य पदार्थको उत्खनन् र संकलन कार्य गरिनुपर्ने र सो कार्यमा स्थानीय व्यक्तिहरुलाई प्राथमिकता दिनु पर्ने ।
- नदीजन्य पदार्थको उत्खनन् र संकलन कार्य नियन्त्रित एवं वैज्ञानिक वनाउदै दिगो र वातावरण मैत्री ढङ्गले नदीजन्य पदार्थको उत्खनन् गरिनु पर्ने ।
- सामुदायिक वन, व्यक्तिको जमिनलाई एकिन गरि ऐलानी जमिनमा मात्र ठेक्का लगाउने ।
- प्राप्त राजस्व रकममा स्थानीय वासिन्दालाई निश्चित प्रतिशत आर्थिक सामाजिक उत्थानमा लगाउने नीतिगत व्यवस्था गर्ने ।
- मरनघाट, मन्दिर, पुल लगायत सार्वजनिक क्षेत्रको संरक्षण गरी उत्खनन्/संकलन कार्य गर्नु पर्ने ।

## ३.३ तथ्याङ्ग विश्लेशण, प्रभावहरुको पहिचान/मुल्याङ्गन, प्रभाव न्यूनीकरणका विधिहरुको पहिचान

प्रस्तावित क्षेत्रको अध्ययन गर्दा आएका प्राथमिक एवं द्धितियक तथ्याङ्क तथा जानकारीलाई संक्षिप्तिकरण गरी आवश्यकता अनुसार व्याख्या विश्लेषण गर्ने, तालिकामा राख्ने तथा प्रतिवेदनमा समावेश गरिएको छ ।

# अध्याय चार (Chapter IV)
# विधान, नीति, कानुनी व्यवस्था निर्देशिका, मापदण्ड एवं सम्मेलनहरुको पुनरावलोकन

ढुङ्गा, गिट्टी, बालुवा (श्रोत) उत्खनन् तथा संकलनको वातारणीय अध्ययन प्रतिवेदन तयार गर्नका लागि तथा सो प्रस्ताव कार्यान्यवन गर्नका निमित्त सो सम्बन्धि प्रचलित ऐन कानुन तथा नियमका वारेमा विस्तृत जानकारी रहनु अति आवश्यक छ । वातावरणमा पर्न सक्ने नकारात्मक असरका बारेमा अत्यन्त सचेत रहंदै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत विभिन्न वहस तथा साझा योजना र नीतिहरु माथि एक्येबद्धता जाहेर हुँदै आई रहेको परिप्रेक्ष्यमा वन, वन्यजन्तु लगायत वातारणका सबै अंगहरुको वैज्ञानिक ढंगले संरक्षण, सम्बर्धन तथा सदुपयोग गर्नका लागि पनि यस्ता ऐन कानुन सम्बन्धि जानकारी हुनु पर्ने र त्यस्ता सम्बन्धित नीति नियमहरुले निर्देशन गरे बमोजिम प्रस्ताव कार्यान्वयन गर्न जरुरी छ ।

## ४.१ नेपालको संविधान, २०७२

नेपालको संघीय संविधान, २०७२ अनुसार देशको सन्तुलित विकासका लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारी जस्ता आधारभूत कुराहरुको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्नेछ । राष्ट्रिय हित अनुकूल उपयोगी एवं लाभदायक रुपमा देशको प्राकृतिक श्रोत तथा सम्पदाको परिचालन गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिइने नीति राज्यले अवलम्बन गर्नेछ । राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ । जनसाधारणमा वातावरणीय स्वच्छता तथा सुधारको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापहरुद्धारा वातावरणमा प्रतिकूल असर न्यूनीकरण गरी वातावरणीय सम्पदा तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथामिकता दिनेछ । वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ । त्यसैले यस्ता प्रस्तावनाहरुको कार्यान्वयनमा IEE गर्नु, गराउनु संविधानले परिकल्पित गरेको प्रकृति र प्राकृतिक श्रोतको संरक्षण तथा संम्बर्द्धनको सुनिश्चितता गराउने सिद्ध कार्यविधि हो ।

## ४.२ ढुङ्गा गिट्टी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७

यस मापदण्डका अनुसार नदी जन्य पदार्थ स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको स्थान वा विपदको सम्भावना भई जिल्ला विपद् व्यवस्थापन समितिद्वारा स्वीकृत भएमा मात्र उत्खनन गर्न पाउने प्रावधान रहेको छ । यसका लागि उत्खनन्/संकलन सम्बन्धी कार्य योजना तयार गरी कार्यपालिकाबाट स्वीकृत गरी अधिकार प्राप्त निकायवाट वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराइ नगरसभाद्वारा स्वीकृत दरमा प्रतिवेदनले तोकेको मात्राको ठेक्का लगाउन पाउने प्रावधान रहेको छ । दफा (४) उपदफा (४) का अनुसार सामान्यतया श्रम मूलक प्रविधिको प्रयोग गर्नुपर्ने तर वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सीमा भित्र रही वा विपद् जोखिम संवेदनशील क्षेत्रमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिशमा मेशिनको प्रयोग गर्न सकिने उल्लेख गरेको छ। । यसका अनुसार घना बस्ती र बन बाट २ किमि राजमार्गको पाँच सय मिटर, पुलहरूबाट १ कि.मि. तल र पाँच सय मिटर माथिबाट उत्खनन गर्न नपाइने उल्लेख गरेको छ , अनुगमनका लागि जिल्ला समन्वय समितिको प्रमुखको

संयोजकत्वमा जिल्ला समन्वय अधिकारी सदस्य सचिव रहने गरी स्थानीय सरकारको प्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयको प्रमुख जिल्ला स्थित सशस्त्र प्रहरी बलको प्रमुख, डिभिजन वन कार्यालय प्रमुख, जिल्लामा कार्यरत मध्येबाट समितिले तोकेको इन्जिनियर, आन्तरिक राजश्व कार्यालय वा को.ले.नि.का प्रमुख रहेका टोलीले गर्ने प्रावधान गरेको छ ।

## ४.३ संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७

यस कार्यविधिको दफा (३) अनुसार स्थानीय सरकारले क्षेत्रभित्र गरिने स्लेट, खुश, गिट्टी, बालुवा एवं ढुङ्गा, माटोजन्य वस्तुको विक्री सम्बन्धी कार्य समेत समावेश गरी कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा कार्ययोजनाको आधारमा वातावरणीय अध्ययन आवश्यक पर्ने विकास निर्माण सम्बन्धी कार्य वा आयोजना तथा कार्यक्रम पहिचान गरी सङ्घीय वातावरण संरक्षण नियमावली, २०७७ को आधारमा संक्षिप्त वातावरणीय अध्ययन प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनका लागि छुट्टाछुट्टै सूची तयार गर्नु पर्नेछ । अनुसूची (३) र (४) का अनुसार कार्यसूची तयार गरी वातावरण हेर्ने महाशाखा/शाखा / एकाईमा पेश गर्नु पर्नेछ र पेश भएको संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी कार्यसूची भए प्रमुख प्रशासकीय अधिकृतले र प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची भए प्रमुख प्रशासकीय अधिकृत मार्फत अध्यक्ष/प्रमुखले आवश्यक जाँचबुझ गरी पेश भएको मितिले पन्ध्र दिनभित्र स्वीकृत गर्नु पर्नेछ । दफा (५) का अनुसार प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव सङ्कलन गर्नु पर्नेछ । परिच्छेद ३ दफा ६का अनुसार बमोजिम स्वीकृत कार्यसूची र दफा (५) बमोजिम आयोजना हुने सार्वजनिक सुनुवाईबाट प्राप्त सुझाव समेतको आधारमा प्रस्तावकले प्रत्येक आयोजना तथा कार्यक्रमको लागि छुट्टाछुट्टै वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ । यस सम्बन्धी सार्वजनिक सूचना पनि प्रकाशन गर्नु पर्ने प्रावधान रहेको छ । संशोधित प्रतिवेदन स्वीकृतिका लागि सार्वजनिक सूचना पनि प्रकाशन गर्नु पर्ने प्राबधान रहेको छ । संशोधित प्रतिवेदन स्वीकृतिका लागि पेश गरिनु पर्ने प्रावधान रहेको छ । यसका अनुसार अनुगमन गर्ने जिम्मेवारी प्रस्तावक स्वयंको हुनेछ र प्रत्येक छ महिनामा उपदफा (१) बमोजिम स्वः अनुगमन गरी तयार गरेको प्रतिवेदन गाउँ/नगरपालिकामा पेश गर्नु पर्नेछ । गाउँपालिका/नगरपालिका स्वयं प्रस्तावक भएको वा अन्य प्रस्तावकबाट कार्यान्वयन गरिने प्रस्तावको अनुगमनका लागि कार्यपालिकाले अनुगमन समिति गठन गर्नेछ ।

## ४.४ वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियावली २०७७

विकास आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय पक्षलाई समावेश गर्न वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ लागू गरिएको हो। सो ऐनको दफा (३) र (४) मा प्रस्तावकले तोकिए बमोजिमका प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने र त्यस्तो प्रस्ताव सम्वन्धित निकायबाट स्वीकृत नगराई कार्यन्वयन गराउन नहूने व्यवस्था उल्लेख गरको छ। वातावरण संरक्षण नियमावली, २०७७ को परिच्छेद २ अनूसूची १ बमोजिम नदीको तटीय क्षेत्रबाट

ढुंगा, गिटी तथा बालुवा संकलन गर्नु परेमा दैनिक २५० घ.मि. सम्मको उत्खनन तथा संकलन गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने उल्लेख गरिएको छ। सोही नियमावलीको परिच्छेद (२) मा प्रारम्भिक वतावरणीय परीक्षण गर्दा अपनाउनु पर्ने चरणबद्ध प्रकृयाहरुको बारेमा समेत उल्लेख गरिएको छ।

## ४.५ वन ऐन २०७६ र वन नियमावली २०७९

वनजंगलको संरक्षण गरी वातावरणको प्रवर्धन गर्न र वन पैदावारको समुचित सदुपयोग गरी जनताको आधारभुत आवश्यकता परिपुर्ति गर्न नेपाल सरकारले वन ऐन, २०७६ र वन नियमावली, २०७९ लागु गरेको छ। वन ऐन, २०७६ को परिच्छेद (३) को दफा (२०) र (२१) मा सरकारद्धारा व्यवस्थित वनको दिगो व्यवस्थापनका लागि कार्ययोजना तयार गरी स्वीकृत हुनु पर्ने तथा कार्ययोजनाले निर्दीष्ट गरेको वाहेक अन्य कुनै पनि कार्य गर्न गराउन नपाईने कानुनी प्रावधान रहेकणे छ। सोही ऐनको दफा (२२) मा सरकारद्धारा व्यवस्थित वनको वन पैदावारको स्वामित्व तथा बिकी वितरण गर्ने व्यबस्था रहेको छ। वन ऐन, २०७६ को दफाहरुलाई वन नियमावली, २०७९ को परिच्छेद (२) को नियम ५ देखी १६ ले प्रष्ट पारेको छ। जसमा वन पैदावार संकलन गर्दा अपनाउनु पर्ने तरिका, बिकी व्यवस्था, निकासी गर्ने अवधि तथा कस्तो अवस्थामा वन पैदावार संकलन र बिकी गर्न नपाईने जस्ता प्रावधानहरु रहेका छन्।

यसका अतिरिक्त वन ऐन, २०७९ को परिच्छेद (१३) को दफा (६८) ले कुनै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना संचालन गर्दा वातावरणमा उल्लेख्य प्रतिकुल असर नपर्ने भएमा नेपाल सरकारले राष्ट्रिय वन प्रयोग गर्न दिन सक्ने प्रावधान गर्दै वन नियमावलीको नियम ६५ ले त्यस्तो आयोजना संचालन गर्दा कसैलाई हानी नोक्सानी पुग्न गएमा सम्वन्धीत आयोजनाले नै क्षतिपुर्ति दिनु पर्ने प्रावधान गरी जनसाधारणको मौलिक हक सुरक्षाको प्रत्याभुती गरेको छ।

## ४.६ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दुर्लभ वन्यजन्तुहरुको संरक्षणका कार्यहरु गर्न लागु भएको हो। यस ऐनको दफा (१०) ले निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा अन्य वन क्षेत्रमा पाईने २६ किसिमका स्तनधारी ९ किसिमका पंक्षी र ३ किसिमका सरीसृपलाई संरक्षित वन्यजन्तुको दर्जा दिई त्यस्ता वन्यजन्तुलाई मार्न, पकन वा लखेट्न वा अन्यकुनै किसिमले हानिनोक्सानी पुर्‍याउन निषेध गरको छ। यस अन्तर्गत लागु गरिएको कानुन सम्पुर्ण किसिमका वन क्षेत्र वा नेपाल अधिराज्य भर लागु भएको छ। जलचर संरक्षण (पहिलो संशोधन) ऐन, २०५५को मुख्य उद्देश्य नेपाल अधिराज्यभित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्ने,त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषण मुक्त राख्ने रहेको छ।

## ४.७ भू-तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२

भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा भू तथा जलाधार संरक्षण नियमावली, २०४२ मा जलाधार क्षेत्रहरुमा भू-क्षय तथा बाढी पहिरोको प्रकोपलाई न्यूनीकरण गर्न विभिन्न प्रावधानहरु समावेश गरिएको छ। विभिन्न क्रियाकलापहरु गर्दा जमिन तथा जलाधार संरक्षणमा नकारात्मक असर पुऱ्याउन नपाइने व्यवस्था गरेको छ।

## ४.८ स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले न.पा./गाउँपाकिलाई आफ्नो क्षेत्राधिकार भित्रका वातावरण संरक्षण तथा प्रवर्धन गर्न तथा वन, बनस्पति, जैविक विविधता र भू-संरक्षण सम्बन्धमा योजना तयार गरी कार्यान्वयन गर्न गराउन सक्ने अधिकार प्रदान गरको छ । साथै वातावरण संरक्षण तथा व्यवस्थापनको लागि स्थानीय तह (नगरपालिका) का वातावरण शाखा पुर्ण रुपले जिम्मेवार रहने छन् भन्ने समेत यस बाट थाहा पाउन सकिन्छ।

## ४.९ फोहोरमैला व्यवस्थापन ऐन, २०६८

फोहोरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहोरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहोरमैला व्यवस्थापन ऐन, २०६८ व्यवस्थापन जारी गरिएको छ। यस ऐन को दफा (५) अनुसार कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथासक्य कम गर्नु पर्नेछ। आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ । तथा फोहोरमैला व्यवस्थापन कार्य पुर्ण रुपमा स्थानीय तहको अधिकार र जिम्मेवारीको रुपमा रहेको कुरा प्रष्ट रुपमा उल्लेख गरेको छ।

## ४.१० निर्देशिका

### ४.१०.१ वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२

नेपाल सरकारले आठौं योजनाको नीति कार्यान्वयनमा सहयोग पुगोस भन्नको लागि वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली ल्याउनु अगाडी नै एक राष्ट्रिय वातावरणीय प्रभाव मुल्यांकन निर्देशिका २०५२ लागू गरिसकेको छ । यो निर्देशिकाले अध्ययनको क्रममा जनसहभागिता जुटाउनै पर्ने, आवश्यक सूचनाहरुको संकलन गर्ने, विवादका विषयहरुको गम्भिरतापूर्वक मुल्यांकन गर्ने र वातावरणीय अध्ययनको लागि ती विषयहरुको प्राथमिकताक्रम निर्धारण गर्ने कुराहरुलाई प्रष्ट रुपमा जोड दिएकोछ।

### ४.१०.२ सर्वोच्च अदालतको आदेश र रोडा, ढुंगा, गिट्टी तथा बालुवा नियमन् सम्बन्धी प्रतिवेदन

सर्वोच्च अदालतको आदेश र रोडा, ढुंगा, गिट्टी तथा बालुवा नियमन् सम्बन्धी प्रतिवेदन अनुसार ढुङ्गा, बालुवा आदि प्राकृतिक स्रोत भएको र प्राकृतिक स्रोत अनुसार कुनै व्यक्तिको स्वामित्वमा हुन नसक्ने तथा प्राकृतिक स्रोत सबै नेपालीको Common Benefits र सार्वजनिक हित हुने काममा मात्र प्रयोग हुनुपर्ने उल्लेख छ । साथै प्राकृतिक स्रोत उत्खनन तथा संकलन प्रयोग आदि गर्न विद्यमान प्रचलित कानून अनुसार वातावरणमा कुनै प्रकारको प्रतिकुल प्रभाव नपर्ने गरी मात्र गर्नु पर्ने समेत उल्लेख छ । ढुवानीको हकमा ट्रकमा रोडा, ढुङ्गा तथा अन्य संकलित स्रोत वस्तु Overloaded गरी चलाउने कार्यलाई रोक्न प्रहरी परिचालन गर्नु पर्ने समेत जोड दिएको छ । चुरे क्षेत्रको हकमा चुरे क्षेत्रका नदीमा भएका ठुला ढुङ्गाको संकलन गर्न दिदा त्यसले थामेर राख्ने बाढीको प्रकोप झन बढ्ने भएकोले एस्काभेटरको प्रयोगबाट नदीको सतह गहिऱ्याइदिने, नदी छेउ कटान गरिदिने र ठुला ढुङ्गा संकलन गर्दा पहिल्यै कमजोर स्थान झन कमजोर हुने भएकोले एस्काभेटरको प्रयोग निषेध गर्नु पर्ने समेत प्रतिवेदनमा उल्लेख छ ।

### ४.१०.३ मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको निर्णय-२०७०/०३/२७

मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको २०७०/२/२१ गतेको बैठकले गठित उपसमितिबाट ढुङ्गा, गिट्टी तथा बालुवा समेतको व्यवस्थापनको सन्दर्भमा महत्वपुर्ण निर्णय गरेको छ । उक्त निर्णय अनुसार प्राकृतिक स्रोत र साधनको संकलन, उत्खनन् वा दोहन अनियन्त्रित रुपमा नहोस् भन्नका लागि प्रत्येक जिल्लाले आफ्नो जिल्लाभित्र रहेका प्राकृतिक स्रोत र साधनको आँकलन गरी कुन क्षेत्रबाट कति हदसम्म संकलन, उत्खनन् वा दोहन गर्न सकिन्छ सो विवरण सार्वजनिक रुपमा प्रकाशन गरी त्यसैको आधारमा प्रतिवेदन तयार गरेपछि मात्र ठेक्का बन्दोवस्त लगाउने व्यवस्था मिलाउने । राजमार्ग, खेतबारी, गाउँ, वस्ती, बजार, पुल जस्ता सार्वजनिक ठाउँमा बाढी, पहिरोले थुपारेको ढुङ्गा, गिट्टी, बालुवा हटाउनु पर्ने भएमा जिल्ला समन्वय समितिले सम्बन्धित निकायहरुसँग समन्वय गरी रितपूर्वक प्राथमिकता साथ हटाई व्यवस्थापन गर्नुपर्ने प्रावधान पनि निर्णय गरिएको छ ।

### ४.११ अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु

माथि उल्लेख गरेका नेपाल सरकारमा कानुनी प्रावधानका अतिरिक्त केही अन्तर्राष्ट्रिय कानुनहरुलाई समेत प्रस्ताव कार्यान्वयनका लागि प्रारम्भिक वातावरण परीक्षणका कममा ध्यान दिनु पर्ने हुन्छ । नेपालले हस्ताक्षर गरेका विभिन्न सन्धि/महासन्धिहरु दस्तावेजको रुपमा रहेका छन । यस्ता अन्तर्राष्ट्रिय महासन्धिहरुमा जैविक विविधता सम्बन्धी महासन्धि, सिमसार सम्वन्धी महासन्धि, जलजायु परिवर्तन सम्बन्धी आदि प्रमुख रहेका छन् । यी महासन्धिहरुले प्राकृतिक श्रोत व्यवस्थापन तथा जीव र वनस्पति संरक्षण सुनिश्चित गर्न आवश्यक विश्वव्यापी प्रावधानहरुको बारेमा व्याख्या गरेकाछन् ।

# अध्याय पाँच (Chapter V)
# वस्तुगत वातावरणीय अवस्था
# (Description of the Existing Environmental Conditions)

## ५.१. भौतिक वातावरण

- ❖ भू-स्थिति: हाम्रो अध्ययन क्षेत्रमा यस नदीको सम्पूर्ण भाग मध्य पहाडी पर्वत मालामा पर्दछ । जहाँ पहिरोको समस्या जटिल रुपमा रहदै आएको छ ।

- ❖ माटोको प्रकार एवं भुगर्भ: बर्दिया जिल्लाको अन्य भू-भाग जस्तै यो क्षेत्रमा पनि पहाडी भू-भागको बाहुल्यता रहेको छ । डाँडाकाँडाका साथै केही सामान्य समथर फराकिला फाँट एवं टारहरु पनि रहेका छन् । प्रस्तावित क्षेत्रमा कम चापबाट बनेका परिवर्तित चट्टानहरु देखि उच्च चापबाट बनेका परिवर्तित चट्टानहरु समेत भेटिन्छन् ।

- ❖ जलवायु/हावापानी: यस क्षेत्रको औसत अधिकतम तापक्रम २५ देखि ३१ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ३ डिग्री सेल्सियस मापन भएको पाईन्छ । यस क्षेत्रमा उपोष्ण देखि समशीतोष्ण प्रकारको हावापानी भने दक्षिण पूर्वबाट आउने मनसुनी वायुले वर्षा गराउदछ । यहाँ औसत वार्षिक वर्षा २००० मि.मि. हुने गरेको पाइन्छ भने आषाढ, श्रावण र भदौ महिनामा धेरै बर्षा हुने गर्दछ । *(श्रोत: जल तथा मौसम विभाग)*

- ❖ हावा र पानीको गुणस्तर एवं ध्वनिका मात्रा: ठुलो औद्योगिक क्षेत्रहरु नभए पनि सामान्य रुपमा ठुला गाडीहरुको आवातजावतले पनि त्यती धेरै ध्वनि प्रदुषणको अवस्था हाल देखिएको छैन । पानीको गुणस्तर स्वच्छ नै देखिन्छ तर नदीजन्य पर्दाथको उत्खनन्/संकलनको क्रममा व्यवस्थित गर्नु पर्ने देखिन्छ । सार्वजनिक शौचालय निर्माण, नदीजन्य पर्दाथको ढुवानीको क्रममा छोपेर ढुवानी गर्नुपर्ने, पहुँच मार्गलाई स्वच्छ बनाईनु पर्ने देखिन्छ ।

- ❖ भू-उपयोग: प्रभाव क्षेत्रको भू-उपयोगको अवस्थालाई हेर्दा अधिकतम भू-भाग वनले ओगटेको छ । त्यस संगै कृषि योग्य जमिन पनि मनग्य रुपमा रहेको छ ।

## ५.२ जैविक वातावरण:

- **वन तथा वनस्पति**

प्रस्तावित प्रभाव क्षेत्रमा निम्न अनुसारका वनस्पतिहरु पाइन्छ ।

| नेपाली नाम | वैज्ञानिक नाम | कैफियत |
|---|---|---|
| साल | *Shorea robusta* | Protected under Forest Act, 2019 |
| सिसौ | *Dalbergia sisoo* | |
| सिमल | *Bombax ceiba* | Protected under Forest Act, 2019 |
| ऑप | *Mangifera indica* | |

- गैरकाष्ठ पैदावार तथा जडीबुटीहरु: बास, निगालो, अम्रिसो, बाबियो आदि यस क्षेत्रमा पाईने गैरकाष्ठ पैदावरहरु हुन् । साथै हर्रो, बर्रो, भाड, वास, नियालो, असुरो, काव्रो, टिमुर, वडहर तथा सिमली पनि पाइन्छ भने निम, वेल, सुनाखरी आदि जस्ता जडीबुटीहरु पाइन्छन् ।

- वन्यजन्तुहरु: स्थानीय जनसमुदायको भनाई अनुसार प्रस्ताव क्षेत्रमा निम्नानुसार वन्यजन्तुहरु पाईन्छ

| नेपाली नाम | वैज्ञानिक नाम | कैफियत |
|---|---|---|
| भालु | *Ursidae* | |
| बदेंल | *Sus scrofa* | |
| चितुवा | *Panthera pardus* | CITIES Index I |
| ढेडु | *Presbykis entellus* | |
| मुसो | *Rattus rattus* | |
| स्याल | *Canis lupus* | CITIES Index I |
| बादर | *simian or primate* | |

- पंक्षीहरु: स्थानीय जनसमुदायको भनाई अनुसार प्रस्ताव क्षेत्रमा निम्नानुसारका पंक्षीहरु पाईन्छ ।

| नेपाली नाम | वैज्ञानिक नाम | कैफियत |
|---|---|---|
| काग | *Corus splendens* | |
| भंगेरा | *Passer demoesticus* | |
| ढुकुर | *Streptopellia spp.* | |
| गिद्ध | *Aegyeius monachus* | CITES Index II |
| कालिज | *Lophura leucomelanos* | |
| तित्रा | *Frandcolinus pondicerianus* | |
| कोईली | *Eudynamys scolopaceus* | |
| बकुल्ला | *Gruiformes* | |
| चिल | *Haliaectus leucocephalus* | |

- जलचरहरुः माछा, भ्यागुतो, गंगटो आदि यस क्षेत्रमा पाईने जलचरहरु हुन् । प्रस्ताव क्षेत्रमा पाइने माछाहरुको प्रजाति यसप्रकार रहेको छ ।

| नेपाली नाम | वैज्ञानिक नाम | कैफियत |
|---|---|---|
| सिद्रा | *Puntius sps.* | |
| सहर | *Tor putitora* | |
| वाम | *Amphinous auchia* | |
| फकटे | *Barsilius sps.* | |

## ५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः

- जात/जातीः प्रभावित क्षेत्रमा मुख्य गरी क्षेत्री, ब्राम्हण, तामाङ, कामी, दमाई, सार्की, घर्ती/भुजेल, बादी, सन्यासी, ठकुरी, गुरुङ्ग, मगर, राई, नेवार, थारु लगायत अन्य दलित, जनजातीहरुको बसोबास रही आएको छ। जातीगत रुपमा कुनै जातीको वाहुल्यता नभई सबै जातजातीहरु मिलेर बसिरहेका छन् ।
- **शिक्षा एवं साक्षरताः** बर्दिया जिल्लालाई पुर्ण साक्षर जिल्लाका रुपमा घोषणा गरिसकिएको छ । प्रभावित क्षेत्रमा शिक्षा र साक्षताको अवस्था राम्रो रहेको छ ।
- **पेशा, धर्मः** यस क्षेत्रमा व्यापार, व्यावशाय, पर्यटन, नोकरी, कृषि क्षेत्र, वैदेशिक रोजगारी लगायतका पेशामा संलग्न रहेका देखिन्छन् भने हिन्दु धर्मालम्वीको संख्या अधिक रहे पनि बौद्ध तथा मुस्लिम धर्म मान्ने मानिसको पनि बसोबास रहेको पाइन्छ ।
- **उर्जा, विजुली एवं सञ्चारः** उर्जाका लागि विजुलीको नै प्रमुख श्रोतका रुपमा रहेको छ । केही मात्रमा सौर्य उर्जाको प्रयोग भएको देखिन्छ । प्रस्तावित क्षेत्र मा सञ्चारको को सुविधा मध्यम रुपमा रहेको छ ।
- **खानेपानी एवं स्वास्थ्यको सुविधाः** प्रस्तावित क्षेत्रमा खानेपानी र स्वास्थ्यको पहुँच रहेको क्षेत्र हो । खानेपानीका लागि स्थानीय स्तरका योजनाहरु सञ्चालित छन् ।
- **यातायात र पहुच मार्गः** प्रस्तावित क्षेत्रमा कच्ची सडकको सुविधा रहेको छ र पहुँच मार्ग खोलिए पनि उक्त मार्गहरु अस्थायी प्रकृतिका रहेका छन् ।
- **धार्मिक, सास्कृतिक एवं ऐतिहासिक स्थलहरुः** बबई नदी क्षेत्रमा धार्मिक, सांस्कृतिक दृष्टिकोणबाट महत्वपुर्ण रहेता पनि धार्मिक क्षेत्रहरु उत्खन्न गर्ने क्षेत्रमा छैनन् ।

- **अन्य सामुदायिक संरचना/स्थलहरुः** समुदाय तथा सरकारी स्तरबाट निर्माण गरिएका पुल, विद्यालय, पाटी, पौवाहरु, चरन क्षेत्र, मरनघाटहरु उक्त क्षेत्रमा रहे तापनि उक्त क्षेत्रमा प्रस्ताव नगरी बाकी क्षेत्रमा मात्र नदीजन्य पर्दाथको उत्खनन्/संकलनका लागि प्रस्ताव गरिएको छ।

# अध्याय छ (Chapter VI)
# प्रस्ताव कार्यान्वयनका विकल्पहरु
# (Alternatives for the Implementation of the proposal)

प्रस्तावित प्रस्तावनाका लक्ष्य प्राप्ति तथा नकारात्मक प्रभावलाई न्यूनीकरणका लागि विभिन्न किसिमका विकल्पहरु, प्रस्तावना कार्यान्वयन हुने र नहुने र कार्यान्वयन गर्दा प्रयोग हुने प्रविधि तथा स्थान छनौट सम्बन्धि विश्लेषण यस अध्यायमा समेटिएको छ। यी विकल्पहरुको अध्ययनको मुख्य लक्ष्य वातावरणलाई प्रतिकूल प्रभाव नपर्ने गरी नगरपालिका निम्ति राजस्व संकलन गर्नु हो । प्रस्तावना कार्यान्वयनको विकल्पको आधार तयार गर्दा सकारात्मक प्रभावहरुलाई बढावा दिने तथा नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने गर्नुपर्दछ। विभिन्न विकल्पहरु जसले प्रस्तावनाका लक्ष्य न्यून वातावरणीय ह्रासका साथ प्राप्त गर्न मद्दत गर्दछ, यस्ता विषयहरुलाई संक्षेपमा तल वर्णन गरिएको छ।

## ६.१ प्रस्ताव कार्यान्वयन नगर्ने

अध्ययनबाट प्राप्त विकल्पको विश्लेषण गर्दा विकल्पहरुमा ढुंगा, गिट्टी, बालुवाको उत्खनन्/संकलन नगर्ने विकल्पलाई अस्वीकार गरिएको छ, किनकी ढुंगा, गिट्टी, बालुवाको उत्खनन्/संकलन नगर्ने हो भने

**प्रथम**: नदीको सतह कमिक रुपमा उक्सिदै माथि जाने अवस्था हुनसक्दछ र नदी किनारमा कटान एवं बाढीको प्रकोप बढ्न जान्छ। जसले गर्दा वरिपरि भएका खेतीयोग्य जमिन नदीले बगाई धनमालको समेत नोक्सान पुग्न सक्दछ।

**दोश्रो** : प्राकृतिक श्रोतको सदुपयोग हुन पाउँदैन। नदीले बगाएर ल्याएको नदीजन्य पर्दाथहरु ढुङ्गा, गिटी, बालुवा त्यसै खेर जाने अवस्था हुन सक्दछ।

**तेस्रो** : स्थानीयबासीहरुले ऋसरको माध्यमबाट विभिन्न प्रकारका रोजगारीका अवसरहरु उपलब्ध भईरहेकोमा बाधा पुग्छ वा गुम्न सक्ने अवस्था रहन सक्छ।

**चौथो** : नदीजन्य पर्दाथको वार्षिक रुपमा बिक्री वितरणबाट नगरपालिकाले प्राप्त गरिरहेको आन्तरिक आर्थिक श्रोत घट्ने देखिन्छ।

त्यसकारण प्रस्तावित नदीको उल्लेखित खण्डबाट ढुंगा, गिट्टी, बालुवाको उत्खनन्, संकलन, ढुवानी, बिक्रि र व्यवस्थापन कार्य गर्दा उपयुक्त हुन्छ।

## ६.२ प्रस्तावका विकल्पहरु

### ६.२.१ वैकल्पिक क्षेत्र

नदीजन्य यी वस्तुहरु उत्खनन् नगर्दा वर्षात्को समयमा बाढीको समस्या बढी देखा पर्ने सम्भावना उच्च हुन्छ जसले गर्दा वरिपरिका खेतीयोग्य जमिनको कटान तथा बस्तीहरु डुबानमा पर्न सक्ने सम्भावना

बढ्छ । तसर्थ यी थेग्रिएका वस्तुहरु निकास गर्नु बाहेक अरु कुनै विकल्प छैन । यस्तो अवस्थामा नदीबाट हुन सक्ने प्राकृतिक प्रकोप रहित स्थानहरुको छनौट गरिन्छ ।

### ६.२.२ वैकल्पिक समय तालिका एवं विधि

उत्खनन् कार्य नदीमा पानीको बहाव कम हुने समयमा गरिन्छ । असार, साउन र भदौ महिना बाहेक अरु नौ (९) महिना उत्खनन् कार्यको लागि उचित महिना मानिन्छ । दिउँसो मात्र उत्खनन्/संकलन कार्य गरि रातिको समयमा उत्खनन्/संकलन कार्यलाई कडाइका साथ निषेधित गरिनुपर्छ । पानी भएको क्षेत्रमा उत्खनन्/संकलन कार्य गरिने छैन । उत्खनन्/संकलनको कार्यमा ठुला मेशिनरी औजारको प्रयोग नगरी घरेलु औजारहरु कुटो, कोदालो, वेल्चा, गल, गैंची लगायतका सामाग्रीहरुबाट गरिने छ ।

### ६.२.३ वैकल्पिक सम्पदाहरु

बालुवाको निकासको लागि अरु विकल्प छैन । गिट्टी र ढुङ्गाको ठाउमा ईट्टाको प्रयोग गर्न सकिन्छ तर सवै निर्माण कार्यमा गिट्टी र ढुङ्गाको सट्टामा ईट्टाको प्रयोग गर्न सकिने अवस्था रहदैन । स्थानीय स्तरमा उपलब्ध हुने श्रोत साधनलाई त्यही सम्बन्धित क्षेत्रमा प्रयोग गर्दा बढी उपयोगी हुने साथै नदीबाट निम्तिने प्रकोपहरु पनि न्यून हुने देखिन्छ ।

# अध्याय सात (Chapter VII)
# प्रभाव पहिचान, अनुमान एवं मूल्याङ्गन
# (Impact Identification, Prediction and Evaluation)

ढङ्गा, गिट्टी, बालुवा, उत्खनन्⁄संकलन एवं ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रत्यक्ष एवं अप्रत्यक्ष प्रभावहरुको अध्ययन तथा मूल्याङ्कन गरी उक्त कार्यबाट हुने सकारात्मक र नकारात्मक प्रभावहरुको विश्लेषण गरिएको छ । सम्भावित असरहरु प्रकृति, आकार, विस्तार र अवधिका आधारमा विभाजन गरी प्रभावको पहिचान गरिएको हो । उक्त कार्यले भविष्यमा निम्त्याउन सक्ने प्रभावहरुको पहिचान र विश्लेषण जैविक, भौतिक, आर्थिक सामाजिक तथा सांस्कृतिक एवं रासायनिक वातावरणलाई पनि ध्यानमा राखिएको छ । यस अर्थमा सकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्ने यस प्रस्तावको उद्देश्य रहेको छ ।

राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका, २०५० अनुसार यस प्रस्तावनाको प्रभाव मूल्याङ्कन गरिएको छ । मूल्याङ्कनका लागि निम्न उल्लेखित आधारहरु तय गरिएका छन् ।

## ७.१ प्रस्तावको अनुकुल प्रभावहरु

### ७.१.१ भौतिक प्रभाव

**बाढी एवं अन्य जल उत्पन्न प्रकोपको न्यूनीकरण**

ढुंगा, गिट्टी, बालुवाको संकलन कार्य दिगो र व्यवस्थित  एवं वातावरणमैत्री ढङ्गले गर्दा प्रस्तावित क्षेत्रमा हुने वा हुनसक्ने बाढी एवं अन्य जल उत्पन्न प्रकोपको न्यूनीकरण हुन्छ । यस प्रस्तावले नदीमा थुप्रिएर रहेका नदीजन्य पदार्थहरुको संकलन वातावरणमैत्री तवरले गर्ने योजना गरेको छ । स्रोत संकलन तथा विक्रीका अतिरिक्त संरक्षण, सम्बर्द्धन र नदी नियन्त्रण सम्बन्धी योजना समेत कार्यान्वयन हुनेछ । नदी छेउमा थेग्रिएर बसेको ठाँउबाट संकलन कार्य गरिने हुँदा त्यसबाट नदी किनार सुरक्षित भई वन तथा सो क्षेत्रको वर्तमान अवस्थामा समेत क्रमिक सुधार हुनेछ । यसले गर्दा घाँस एवं झाडीको वृद्धि भई जमिनको संरक्षणका साथै भू–क्षय समेत  नियन्त्रण र रोकथाम हुनेछ । यस सुधारको क्रममा नदीले आफ्नो बाहव परिवर्तन नगर्ने हुँदा खेतीयोग्य जमिनमा पनि असर नगर्ने देखिन्छ । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थानीय र लामो समय सम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महवपूर्ण देखिन्छ ।

### ७.१.२ आर्थिक, सामाजिक एवं सांस्कृतिक प्रभाव

**रोजगारीको अवसर**

ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्⁄संकलन कार्यले तत्काल नै स्थानीय बासिन्दाको रोजगारीको अवसर श्रृजना  गर्दछ । यो सबैभन्दा ठूलो र प्रत्यक्ष लाभ हुने क्षेत्र हो । महिलाहरुको हकमा पनि उनीहरुले पनि पुरुष जतिकै श्रम गर्ने हुनाले त्यतिकै मात्रामा लाभान्वित हुनेछन् । यसले एक प्रकारले महिला र पुरुष

विचको श्रम विभाजनमा विभेद गर्ने प्रणालीलाई निरुत्साहित पार्दछ । ढुंगा, गिट्टी, बालुवाको उत्खनन्/संकलन कार्य नियमित हुने हुनाले यसबाट स्थानीय बासिन्दा लाभान्वित भईरहन्छन् । यो प्रभाव प्रत्यक्ष, उच्च, स्थानीय र लामो समयसम्म रहनेछ, त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव अति महवपूर्ण मानिएको छ ।

**व्यापार र व्यवसायमा वृद्धि**

यो योजनाबाट आफैले श्रृजना गरेको व्यापार तथा व्यवसायहरु जस्तै चिया, खाजा तथा खाना घर फस्टाउने छन् साथै यी पसलहरु नगरपालिकामा दर्ता हुनेछन् र नगरपालिका कार्यालयमा राजस्वमा वृद्धि गर्नमा मद्दत हुनेछ । यो क्षेत्रमा प्रस्ताव कार्यान्वयन हुदा सो क्षेत्रको अरु सम्बन्धित व्यापार र व्यवसाय जस्तै खुद्रा तथा थोक पसलले पनि व्यापार गर्ने मौका पाउँछन् ।

यसबाट स्थानीयस्तरमा बजारको विकास हुन गई उद्योग, व्यापार, कृषि आदि क्षेत्रमा प्रत्यक्ष योगदान पुग्ने र आर्थिक क्रियाकलाप बढ्न गई आर्थिक गतिशीलता पनि बढ्न जान्छ ।

**प्राविधिक सिपमा वृद्धि हुनु**

यो क्षेत्रमा काम गर्ने कामदारहरुले काम गर्न चाहिने विभिन्न सीपहरु सिक्नेछन् । यो सीप सिकेर कामदारहरुले सोही किसिमकै काम सजिलै गर्न सक्नेछन् । यो परियोजनाबाट सवारी साधन आवत जावतमा समेत वृद्धि हुन गई रोजगार नभएका स्थानीय बासिन्दाहरुले गाडी चालक तथा सवारी साधन मर्मतका साथै अन्य प्राविधिक सीपमूलक कार्यहरु गर्न सक्दछन् । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थानीय र लामो समयसम्म रहनेछ, त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव कम महत्वपूर्ण मानिएको छ ।

**प्रविधि हस्तान्तरण हुने**

स्थानीय समुदायको संलग्नतामा प्रस्तावको कार्यान्वयन हुने भएकोले श्रोत व्यवस्थापन सम्बन्धी सीप तथा प्रविधि हस्तान्तरण हुने देखिन्छ । स्थानीय समुदायलाई ढुङ्गा, गिट्टी, बालुवा आदिको संकलन तथा सदुपयोग गर्ने तरिकाबारे जानकारी प्राप्त हुन्छ । सीप तथा प्रविधिको ज्ञान दिनाले प्रविधि हस्तान्तरण हुन गई भू-क्षय, बाढी जस्ता प्रकोपहरु न्यून हुने तथा वरपरको वन तथा वातावरणको दिगो संरक्षणमा सहयोग हुने देखिन्छ । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थान विशेष र लामो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव कम पर्ने देखिन्छ ।

**विकास निर्माण सामग्रीको उपलब्धता**

स्थानीय क्षेत्रमा रहेका ढुङ्गा, गिट्टी, बालुवा जस्ता पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थको सरल तरिकाले आपूर्ति गर्न यस योजनाले सहयोग गर्नेछ साथै स्थानीयस्तर तथा बाह्य आवश्यक पर्ने निर्माणका सामग्रीहरु समेत उपलब्ध हुने हुँदा शहरीकरणमा समेत मद्दत हुनेछ ।

यो प्रभाव प्रत्यक्ष, उच्च, राष्ट्रिय र लामो समय सम्म रहनेछ, त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव अति महत्वपूर्ण मानिएको छ ।

### ७.१.३ जैविक प्रभाव

#### जैविक विविधता संरक्षण तथा प्रोत्साहन

वैज्ञानिक, दीर्घकालीन एवं वातावरणमैत्री विधि अपनाई नदीको वस्तु उत्खनन् गर्न निश्चित मापदण्ड पनि तोकिने हुँदा जैविक विविधता संरक्षण हुने तथा यसको संरक्षणको प्रोत्साहन हुने देखिन्छ । यो प्रभाव अप्रत्यक्ष, उच्च, राष्ट्रिय र लामो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव अति महत्वपूर्ण मानिएको छ ।

## ७.२ प्रस्तावका प्रतिकूल प्रभावहरु

### ७.२.१ भौतिक प्रभाव

#### नदी किनार कटान

ढङ्गा, गिट्टी, बालुवाको जथाभावी उत्खनन्/संकलन तथा डिपोजिट भएको परिमाण भन्दा बढी उत्खनन्/संकलन गर्नाले नदीले आफ्नो प्राकृतिक धार परिवर्तन गरी किनार कटान तथा नदी किनार रहेका बस्ती र खेतियोग्य जमिनहरुमा प्रभाव पर्न सक्छ । प्रस्तावित क्षेत्रमा यो प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय र लामो समय सम्म रहनेछ। त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभावलाई मध्यम रुपमा महत्वपूर्ण मानिएको छ।

#### फोहर तथा जल प्रदुषण

ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्/संकलन गर्ने क्रममा कामदारहरुबाट फोहर सिर्जना हुन्छ र नदीको वातावरण प्रदूषण बढ्छ । नदीमा शौच गर्ने, खानेकुराहरु फाल्ने, पोखिने, प्लाष्टिकहरु यत्रतत्र छरिने सम्भावना हुन्छ । त्यस्तै माथिल्लो भागमा ढङ्गा, गिट्टी, बालुवाको उत्खनन्/संकलन गर्ने क्रममा तल्लो भागमा जल प्रदूषण बढ्न सक्छ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभावलाई अति महत्वपूर्ण मानिएको छ ।

### वायु तथा ध्वनि प्रदूषण

ढुवानी साधनको आवागमन तथा ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्/संकलनले वायू प्रदुषण बढ्छ भने ढुवानी साधनको कारणले ध्वनि प्रदूषण बढ्छ । यो प्रभाव प्रत्यक्ष, उच्चस्तरको र स्थानीय स्तरमा लामो समय सम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव अति महवपूर्ण मानिएको छ ।

### अत्याधिक वस्तुको ढुवानी गर्दा बाटोमा हुने क्षय

पहुँच बाटोमा वृद्धि हुँदा सो बाटोमा चल्ने गाडीको मात्रा पनि बढ्दछ । सामान ओहोर दोहोर गर्दा बाटोमा पहुँच मार्ग तथा मुल सडक खण्ड पनि जतातते खाल्डो बन्ने अवस्था आउन सक्छ, पानी जम्ने स्वभाविक नै रहन्छ । यसको प्रभाव प्रत्यक्ष, मध्यम, स्थान विशेष र लामो समयसम्म रहने देखिन्छ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम महवपूर्ण मानिएको छ ।

### थुप्रिएका वस्तुहरुले पार्ने असर

नदीजन्य पदार्थहरुलाई निश्चित ठाउँमा निकास गर्नु अघि अथवा यी पदार्थहरुलाई प्रशोधन गर्नु अघि थुप्रो लगाउनु जरुरी हुन्छ । यसरी ढुङ्गा, गिट्टी, बालुवा तथा माटो धेरै समयसम्म थुप्रिदा दृश्य वातावरणमा नकारात्मक असर पर्दछ । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थान विशेष र छोटो समयसम्म रहनेछ, त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव कम महत्वपूर्ण मानिएको छ ।

### वन क्षेत्रमा पार्ने नकारात्मक प्रभाव

नदीको किनारा छोडि विभिन्न स्थानहरुमा सामुदायिक वन क्षेत्र दर्ता रहेको फिल्ड अध्ययनमा देखिन्छ । सामुदायिक क्षेत्र र नदीको क्षेत्र बीचमा प्रष्ट सिमा रेखा नभएकोले सीमा विवाद भई रहने र कतिपय अवस्थामा सामुदायिक वन क्षेत्रको सिमाबाट समेत चोरि निकासी हुने अवस्था रहेको देखिन्छ । त्यसलाई प्रभावकारी अनुगमन पद्धतिको विकास गरी प्रभाव कम गर्न सकिने भएकोले कम महत्वपूर्ण मानिएको छ ।

## ७.२.२ आर्थिक, सामाजिक एवं सांस्कृतिक प्रभाव

### धार्मिक, संस्कृति तथा परम्परामा प्रभाव

बाहिरबाट कामदारहरु आएको खण्डमा स्थानीय धर्म, संस्कृति तथा परस्परामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्छ । कामदारहरु स्थानीय बासिन्दा हुने भएको कारणले धर्म, संस्कृति तथा परम्परामा न्यून प्रभाव पर्ने देखिन्छ । प्रस्तावित क्षेत्रको वरपर करिब ५०० मी सम्मको दूरीमा कुनै पनि धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक महत्वका ठाउँहरु छैनन् ।

### खेतीयोग्य जग्गा तथा उपजमा कमी आउनु

नदीजन्य पदार्थहरुको संकलन तथा उत्खनन् अनियन्त्रित तथा उचित मापदण्ड विपरित गर्दा नदीको गहिराई बढ्न गई तल्लो क्षेत्रमा रहेका खेती योग्य जमिनमा असर गरी वर्षेनी उत्पादन हुने धान गहुँ, मकै जस्ता उपजमा कमी ल्याउन सक्ने सम्भावना रहेको देखिन्छ । कृषि नै स्थानीय बासिन्दाको जीविकोपार्जनको माध्यम भएकाले यस कार्यले बढी असर गर्ने देखिन्छ। यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थान विशेष र लामो समय सम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महवपूर्ण मानिएको छ ।

**स्वास्थ्य तथा सुरक्षा**

ढुङ्गा, गिट्टी, बालुवाको संकलन गर्दा विभिन्न प्राकृतिका औजारहरुको प्रयोगले कामदारहरुलाई चोटपटक लाग्न सक्छ। त्यसै गरी ढुङ्गा, गिट्टी उछिट्टिएर पनि जिउमा चोट लाग्न सक्छ। धुलोको कारणले श्वास–प्रश्वास र आँखाका रोगहरु लाग्न सक्छन् । ढुवानी साधनहरुको आवतजावतले आकस्मिक दुर्घटनाको संभावना पनि त्यतिकै रहन्छ । यो प्रभाव अप्रत्यक्ष मध्यम, स्थान विशेष र लामो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव निम्न रुपमा महत्वका रुपमा हेरिएको छ ।

**वातावरणको सुन्दरतामा असर पर्नु**

नदीजन्य वस्तुहरुको खुल्ला रुपमा भण्डारण गर्दा यसले प्राकृतिक दृश्यमा असर पर्छ। यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थान विशेष र छोटो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव सामान्य रुपमा मानिएको छ

**७.२.३ जैविक प्रभाव**

**परिचालित कामदारद्धारा वन विनाश हुन सक्ने**

संकलन कार्यका क्रममा परिचालित कामदारहरुबाट रुख काट्ने, तस्करी हुन सक्ने संभावना रहेको छ । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थानीय र लामो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण मानिएको छ ।

**वन्यजन्तु तथा माछा**

श्रमिकहरु तथा ढुवानी साधनको आवागमन र कोलाहलले वन्यजन्तुको प्राकृतिक विचरणमा खलल पुग्न सक्छ। यसका साथै श्रमिकहरुद्धारा वन्यजन्तुको अवैध शिकार हुने पनि सम्भावना बढ्छ। संकलन कार्यले माछाको वासस्थानमा नकारात्मक प्रभाव पर्छ जसले गर्दा संख्या घट्ने सम्भावना हुन्छ । त्यसैगरी ढुङ्गा, गिट्टी, बालुवा संकलन गर्ने क्रममा नदीका माछा मार्ने काम पनि हुन सक्छ। यो प्रभाव अप्रत्यक्ष, मध्यम,

स्थानीय र लामो समयसम्म रहनेछ, त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण मानिएको छ ।

### ७.२.४ रासायनिक प्रभाव

**रसायनको प्रयोगले हुने असरहरु**

निष्काशन तथा प्रशोधन गर्दा रसायनको प्रयोग हुने छैन तर पनि गाडी तथा औजारहरुको प्रयोग गर्दा तेल तथा रसायन चुहिन सक्छ जसले जल तथा जमिन प्रदुषण हुनेछ । लुब्रिकेन्ट्स र ग्रिजले गर्दा प्रदुषण हुनेछ । यो असर अप्रत्यक्ष, उच्च, स्थानीय र लामो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव उच्च रुपमा महत्वपूर्ण मानिएको छ ।

## ७.३ : प्रभाव पहिचान, अनुमान एवं मुल्याङ्कन

**तालिका नं ३ : प्रभाव पहिचान, अनुमान एवं मुल्याङ्कन**

| क.स | विषय वस्तु | प्रभाव | तरिका/विधि | प्रभाव बढोत्तरिकरण/ न्यूनीकरण गर्ने उपायहरु |
|---|---|---|---|---|
| **क) भौतिक वातावरण** (Physical Environment) | | | | |
| १ | बाढी एवं अन्य जल उत्पन्न प्रकोप | घट्छ/न्यूनीकरण हुन्छ । | नदीले बगाएर ल्याएका नदीजन्य पदार्थ निकाल्दा नदीको सतह बढ्न पाउदैन र बाढी तथा अन्य प्रकोपहरु हुनबाट बचाउछ । | बाढी एवं अन्य जलउत्पन्न प्रकोप न्यूनीकरण गर्नका लागि प्रस्तावित ठाँउबाट नदीले बगाएर ल्याएका नदीजन्य पदार्थ मात्र निकाल्ने उत्खनन्/संकलन कार्य तोकिएको समयमा तोकिएको परिमाणमा गर्ने । |
| २ | नदीको बहाव/बाटोमा आउने प्रभाव | सकारात्मक | नदीले बगाएर ल्याएका नदीजन्य पदार्थ निकाल्दा नदीले धार परिवर्तन नगर्ने हुनाले नदीको बहाव आउने प्रभाव कम हुन्छ । | नदीको बहाव/बाटोमा आउने प्रभाव कम गर्नका लागि नदीले बगाएर ल्याएका नदी जन्य पदार्थहरु थुपारेको ठाँउबाट मात्र निकाल्ने । |
| ३) | भिरालोपन | नकारात्मक | नदीको बहाव ठुलो हुन गई पहिरोको सम्भावना उच्च रहने सभ्मावना हुन्छ । | प्रस्तावित क्षेत्रमा भिरालोपन युक्त क्षेत्र नभएकोले जोखिमयुक्त क्षेत्र रहेको छैन । |
| ४ | भौतिक संरचनामा हुने असर | नकारात्मक | भौतिक संरचनाको नोक्सानी भइ धनजनको क्षति हुन्छ । | पक्की पुलको ५०० मि. र झोलुङ्गे पुलको २०० मि. सम्मका स्थानमा प्रस्ताव नगरिएको तथा केही बस्तीहरु रहेकाले |

| | | | | |
|---|---|---|---|---|
| | | | | जि.वि.स. ले तोकिएको क्षेत्रबाट उत्खनन् गरी तोकिएको मार्गबाट मात्र ढुवानी गर्ने र होर्डिङ बोर्डहरु राख्ने । |
| ५ | पानी तथा सरसफाई | प्रदुषण बढ्छ । | कामदाहरुको उपस्थितिले गर्दा खाएका खाने कुराका खोल र दिसा पिसाब गर्न सक्ने प्रवल सम्भावना देखिएको हुनाले प्रदूषण बढ्न सक्छ । | त्यस क्षेत्रमा खुला दिसा पिसाब रोक्नु पर्ने र कामदारको लागि अस्थाई रुपले भएपनि शौचालय को व्यवस्था गर्नुपर्ने । |
| ६ | धुलोपन एवं ध्वनि । | बढ्छ | नदीजन्य पदार्थ ढुवानी गर्दा मोटरहरुको धुँवा एवं ध्वनि बढ्न गई प्रदुषण बढने सम्भावना रहन्छ | संकलन गरिएका पदार्थहरु तत्काल ढुवानीको व्यवस्था मिलाउने । ढुवानी गर्दा त्रिपालले छोपेर गर्ने र त्यस क्षेत्रलाई हर्न निषेधित क्षेत्र बनाउने । |
| ७ | उत्खनन्/संकलन सामग्रीको भण्डारणको प्रभाव । | नकारात्मक | ठाउँठाउँमा अव्यवस्थित सामग्रीको भण्डारणले नदीको सौन्दर्य घटाउँछ । | संकलन गरिएका पदार्थहरु तत्काल ढुवानी प्रवन्ध मिलाउन र संकलन गर्दा नदीलाई र उत्पादित हुने ठाउँलाई प्रभाव नपार्ने गरी संकलन गर्ने । |
| ८ | फोहरमैला एवं खेर जाने सामग्री । | प्रदूषण बढाउछ । | फोहरमैला एवं खेरा जाने सामग्रीहरु कामदार बढे पछि जतातत्तै छरिने हुनाले प्रदूषण बढाउँछ । | तोकिएको स्थानमा फोहोरमैलाको व्यवस्थापन गर्ने । जथाभावी उत्खनन् गरी ठुला खाडलहरु नबनाउने । फोहोरमैला पानीको श्रोतमा नमिस्याई खन्ने र पुर्ने कार्यमा सन्तुलन कायम गर्ने । |
| **ख) सामाजिक, आर्थिक एवं सांस्कृतिक वातावरण** (Socio-economic and Cultural Environment) | | | | |
| १ | आयश्रोत एवं रोजगारीको अवसर | बढ्छ | रोजगारीको अवसर प्राप्त हुन्छ । | प्रस्तावित क्षेत्रमा रोजगारीको लागि स्थानीय बासिन्दाहरुलाई नै प्राथमिकता दिनु पर्ने । |
| २ | बाटो/सडक संजाल | बढ्छ | उत्खनन्/संकलन र ढुवानीको क्रममा नयाँ पहुँच/प्रवेश मार्ग खोलिने । | सडक संजालको निर्माणसँगै सडकको गुणस्तर, मुआब्जामा ध्यान दिनु पर्ने । तर प्रस्तावित क्षेत्रहरुमा तत्काल सडक संजाल विस्तार गर्नु पर्ने देखिदैन । |

| | | | | |
|---|---|---|---|---|
| ३ | नगरपालिकाको आयश्रोत | बढ्छ | नगरपालिकाले ठेक्का बन्दोवस्तबाट वार्षिक राजस्व संकलन गर्ने छ । | संकलन भएको रकमबाट केहि प्रतिशत प्रभावित क्षेत्रको लागि छुट्याउने । नगरपालिकाले ठेक्का लगाउदा प्रभावित ठाउमा कुनै किसिमको जैविक, भौतिक रुपले असर नहुने गरी ठेकेदारसंग सम्झौता गर्नु पर्ने । |
| ४ | विकास निर्माण सामग्रीको उपलब्धता | बढ्छ | नदीजन्य पदार्थ निकाल्दा विकास निमार्ण कार्यमा ति सामग्री उपलब्ध गराउन सकिन्छ । | दिगो रुपमा उत्खनन् र सदुपयोग गर्नुपर्ने । विकास निर्माण कार्यका लागि नदीजन्य पदार्थ निकाल्नु पर्दा ती विकास निर्माण कार्यको रेकर्ड राख्नु पर्ने । |
| ५ | धार्मिक/सांस्कृतिक एवं ऐतिहासिक स्थल | नकारात्मक | कामदारहरुको चाप, आवत जावत र नदीको दोहनले स्थानीय बासिन्दाको धर्म, संस्कृति तथा परम्परामा आंच आउन सक्छ । | प्रस्तावित उत्खनन्/संकलन क्षेत्रको आसपासमा कुनै धार्मिक/सांस्कृतिक एवंम ऐतिहासिक स्थलहरु रहेकाले समस्या नआउने । |
| ६ | पेशागत स्वास्थ्य एवं सुरक्षा | बिग्रन्छ | औजारको प्रयोग गर्दा चोटपटक लाग्न सक्छ, बर्षा याममा उत्खनन् गर्दा कामदारलाई बगाउन सक्छ, त्यस्तै धुलो र धूँवाले श्वासप्रश्वासमा असर पार्न सक्छ । | पेशागत स्वास्थ्य एवं सुरक्षाका लागि हेल्मेट र बुटको प्रयोग गर्ने, ट्राफिक चिन्ह ठाउँ ठाउँमा राख्ने, पेशागत स्वास्थ्य सुरक्षाको बारे कामदारलाई जानकारी गराउने । |
| ७ | जनसंख्या विस्थापना | हुँदैन | उत्खनन् क्षेत्र २०० मि. वरिपरि बस्ती केहि मात्रामा भए तापनि उल्लेखनीय असर पर्दैन । | प्रस्तावित क्षेत्रबाट कुनै पनि जनसंख्या विस्थापित हुन पर्ने अवस्था नरहेको । |
| ८ | खेतीयोग्य जमीन | नाश हुँदैन | उत्खनन् कार्यले खेतीयोग्य जमिनको सुरक्षा हुन्छ । | नदी किनारबाट उत्खनन् कार्य नगर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ९ | कामदार बीच झैंझगडा | हुन्छ | कामदारहरुले रक्सी सेवन गरी काम गरेमा र कामको बाँडफाँड नमिलेमा। | स्थानीय कामदारलाई प्राथमिकता दिने। कामदारबीच झैं-झगडा रोक्नाका लागि नशाजन्य पदार्थहरुमा रोक लगाउने र कामको बाँडफाँड गरिदिने। |
| १० | नदीको वरपर बस्ती विस्तार एवं नदी अतिक्रमण | हुन सक्छ | बहिरबाट कामदारहरु भित्रिएको अवस्थामा। | बस्ती विस्तार नियन्त्रण गर्न समय समयमा अनुगमन गर्ने। |
| ११ | पैदलयात्रीको सुरक्षा | घट्छ | गाडीको चाप बढ्नाले। | ट्राफिक चिन्ह र नियम ठाउँठाउँमा राख्ने |
| **ग) जैविक वातावरण** (Biological Environment) | | | | |
| १ | माछा एवं अन्य जलचरमा पर्ने प्रभाव | नकारात्मक | उत्खनन् कार्य पानीमा गर्दा माछा मर्ने र अन्य जलचरको बासस्थान विनाश हुन्छ। नदीजन्य पदार्थ निकाल्दा ध्वनि कम्पनले गर्दा माछा मर्ने सम्भावना बढ्ने देखिन्छ। | ढुंगा, गिटी, बालुवा संकलन तथा उत्खनन् कार्य जलचर तथा उभयचर प्राणीको बासस्थान भन्दा टाढा गर्ने साथै पानी बगिरहेको ठाउबाट नदीजन्य पदार्थ निकाल्न र फोहोरहरु पानीमा फ्याक्न नदिने। |
| २ | वन्यजन्तुको आवतजावत | नकारात्मक | वन्यजन्तुको आवतजावत घट्छ किनकी ढुवानीका साधनहरुको उपस्थितिले गर्दा र कामदारहरुबाट चोरी सिकारी सम्भावनाले गर्दा। | प्रस्तावित क्षेत्र वन्यजन्तुको आवतजावत न्यून हुने क्षेत्र भएकोले प्रभाव दैखिदैन तैपनि त्यसता ठाउहरुमा कामदारहरु लाई बस्न नदिने र हो हल्ला गर्न नदिने ढुवानीका साधनहरुलाई हर्न निषेध गर्नु पर्ने। |
| ३ | गैरकानुनी सिकार | सम्भावना छ | कामदारको चापले गैर कानुनी चोरी सिकारी वढ्न सक्ने | कामदारलाई जंगली जन्तुलाई तर्साउने, शिकार गर्ने जस्ता कार्यमा रोक लगाउने। रात्रीकालिन समयमा संकलन, उत्खनन् कार्य नगरी कामदारलाई वन्यजन्तु सम्बन्धि प्रचलित ऐन कानुनहरु प्रति सचेत गराउने। |

| | | | | |
|---|---|---|---|---|
| ४ | वन्यजन्तु एवं वन पैदावारको गैरकानुनी व्यापार | सम्भवाना छ | वन्यजन्तु एवं वनपैदावरको गैरकानुनी व्यापार बढ्ने, कामदारको चापले गर्दा चोरी निकासी हुने सम्भावना । | कामदारलाई उक्त कार्यमा रोक लगाउने । शिकार सम्बन्धी कानूनी कारबाहीको बारेमा अभिमुखीकरणमा सचेत गराउने, समय– समयमा अनुगमन गर्ने । |
| **घ) रासायनिक वातावरण** (Chemical Environment) | | | | |
| १ | इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट | हुन्छ | इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट हुनसक्ने, ढुवानीका साधनहरु को बढ्दो चापले गर्दा र ढुवानीका साधनहरु विग्रिने अवस्थाले गर्दा रसायनहरुको चुहावट हुन सक्ने सम्भावना । | इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरु कम गर्नका लागि प्रभावित ठाउँमा जानु भन्दा पहिले गाडीहरुलाई बनाएर लैजानु पर्ने । |
| २ | धुलो एवं धुँवा उत्सर्जन | हुन्छ | धुलो एवं धुँवा उत्सर्जन बढ्छ किनकी ढुवानीका साधनहरुको चाप बढछन र त्यसकारण धुलो धुँवा उत्सर्जन हुन्छ । | धुलो एवं धुँवा उत्सर्जन नियन्त्रण गर्नका लागि ढुवानीका साधनहरुले नदीजन्य पदार्थ बोक्दा त्रिपालले छोपेर बोक्न लगाउने र कामदारहरुलाई पनि काम गर्दा हेलमेट र माक्स अनिवार्य लगाउनु पर्ने । सवारी साधनको आवतजावत गर्ने बाटोमा पानी छर्कने । |

# अध्याय आठ (Chapter VIII)
# प्रभाव बढोत्तीकरण एवं न्यूनीकरण गर्ने उपायहरु
# (Impact Mitigation and Enhancement Measures)

ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्/संकलन र ढुवानी गर्दा वातावरणमा पर्नसक्ने सकारात्मक तथा नकारात्मक प्रभावहरुको पहिचान गरी ती प्रभावको, प्रभाव सकारात्मक भए बढोत्तरिकरण र प्रभाव नकारात्मक भए न्यूनीकरण गर्ने उपायहरुको उल्लेख यस अध्यायमा गरिएको छ ।

## ८.१ प्रस्तावको अनुकुल प्रभावहरु वढोत्तीरकरण

### ८.१.१ भौतिक वातावरण

#### नदी किनारको व्यवस्थापन

बबई सदाबहार नदी नभए पनि बर्सातको समयमा नदी किनारमा क्षति पुऱ्याउने खतरा छ। त्यसैले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन कार्य तोकिएको परिमाण तोकिएको स्थानबाट मात्र निकालिने व्यवस्था गर्नु जरुरी हुन्छ। जसले गर्दा बाढी एवं अन्य जलउत्पन्न प्रकोपको क्षतिबाट बच्न सकिनेछ।

#### पानीको प्राकृतिक बहाव-मार्ग कायम

विद्यमान नदी मार्गलाई सुरक्षित र सन्तुलित राखिने छ। नदीको भित्री किनारमा कम्तिमा ५ मि. छोडेर मात्र ढुंगा, गिट्टी, बालुवा उत्खनन्/संकलन गरिने छ। संकलन कार्य गर्दा नदीको बहावलाई बीचमा केन्द्रित गर्ने गरी व्यवस्था मिलाइने छ।

#### फोहर तथा जल प्रदुषण

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन कार्यमा संलग्न कामदारहरुद्वारा नदीमा फोहर पार्ने काम हुन्छ। खानेकुरा र प्लास्टिकका सामानहरु यत्रतत्र फाल्ने काम हुन्छ। यसको न्युनीकरणको लागि कम्तिमा हप्तामा एक पटक त्यस्ता फोहरहरु संकलन गरी वातावरणमा असर नपर्ने गरी उपयुक्त स्थानमा विसर्जन गराइने छ।

#### वायु तथा ध्वनि प्रदुषण

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन कार्यमा धुलोको कारण वायु प्रदुषण हुन्छ। त्यसै गरी ढुवानी साधनहरुको आवागमनले धुलो र ध्वनि उत्पन्न गराउछ। त्यसकारण वायु प्रदुषण कम गर्ने उपायहरुमा सडक विभागले तोकेको मापदण्डको सवारी साधनको प्रयोग र सडकमा पानीको प्रयोग गरिनेछ। ढुवानी साधनहरुमा बालुवा र गिट्टी लोड गरिसके पछि अनिवार्य त्रिपालद्वारा ढाकिने छ। त्यसै गरी ढुवानी साधनहरुमा प्रेसर हर्न निषेध गरिनेछ।

### ८.१.२ आर्थिक, सामाजिक एवं सास्कृतिक वातावरण

**रोजगार श्रृजना**

रोजगारमा स्थानीय बासिन्दालाई प्राथमिकता दिईनेछ। पुरुष तथा महिलालाई बराबर पैसा दिईनेछ। साथै प्रस्तावक आफैले परियोजनाको स्थिति तथा कामको जानकारी दिनेछन् जसले गर्दा निष्काशन तथा संकलन सुनिश्चित रहनेछ।

**व्यापार र व्यवसायमा वृद्धि**

जीवनस्तर उकास्ने खालको सिपमूलक तालिम दिने तथा सो क्षेत्रमा व्यापार प्रवर्द्धन गरिनेछ । यसले स्थानीय स्तरमा व्यापार, व्यवसायको वृद्धि विकासमा सहजता ल्याउने देखिन्छ।

**विकास निर्माण सामग्रीको उपलब्धता**

प्रस्तावबाट निर्माण सामग्री उपलब्ध हुने हुदा यसले निर्माण तथा विकासमा टेवा पुऱ्याउने छ। यातायात ती वस्तुको बजारीकरणको महत्वपूर्ण हिस्सा भएकाले पहुँच मार्गको नियमित मर्मत तथा आवश्यक परेमा स्तरोन्नती समेत गरी सामाग्री ढुवानीलाई सहजता बनाउनु पर्नेछ।

### ८.१.३ जैविक वातावरण

**वन तथा वनस्पति**

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन कार्यमा संलग्न श्रमिकहरु र चालक दलका सदस्यहरुबाट अवैधानिक रुपमा रुख विरुवाहरुको हानी र चोरी हुन सक्ने सम्भावना छ। यसको न्यूनीकरण र रोकथामको लागि उनीहरुलाई कार्यशाला गोष्ठी आयोजना गरी चेतनाको विकास गराउनु अनिवार्य छ । गोष्ठीको मुख्य विषयमा वन, वातावरणको अन्तरसम्बन्ध र ऐन नियम बारे जानकारी गराइने छ।

**जैविक विविधता संरक्षण तथा प्रोत्साहन**

तोकिएको क्षेत्रबाट मात्र श्रोतको संकलन गर्ने, कामदारहरुलाई तालिम, प्रचारप्रसार गराई संकलन तथा कम क्षतिको लागि उचित संकलन समयको निर्धारण गरिनेछ । जैविक विविधताको संरक्षणका लागी प्रत्यक्ष संलग्न कामदारहरुका लागी जनचेतना मुलक क्रियाकलाप संचालन गराईने छ।

**तालिका नं ४ : सकारात्मक प्रभावको बढोत्तरिकरण गर्ने उपायहरुको समीक्षा "म्याट्रिक्स"**

| कियाकलाप | सकारात्मक प्रभावहरु | सम्बन्धित सकारात्मक असरहरु | प्रभावको प्रकार (Type of Impact) | | | | | प्रभाव वढाउने उपाय | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अवधि | कुल योगफल महत्वपूर्ण | | |
| उत्खनन्, संकलन एवं ढुवानी | अति महत्वपूर्ण | कम जनधनको क्षति | अप्रत्यक्ष | मध्यम | स्थानीय | लामो समय | मध्यम रुपमा महत्वपूर्ण | तालिम, जनचेतना, दिगो एवं वातावरण मैत्री संकलन/ उत्खनन् । | नगरपालिका र ठेकेदार |
| | आयश्रोतको एवं रोजगारीको अवसर | रोजगारीमा स्थानीयबासीका प्रयोग | प्रत्यक्ष | उच्च | स्थानीय | | | स्थानीय श्रोतसाधनको प्रयोग । | नगरपालिका र ठेकेदार |
| | व्यापार र व्यवसायमा वृद्धि | स्थानीय बासिन्दालाई व्यापार गर्न प्रेरित गर्ने | प्रत्यक्ष | उच्च | स्थानीय | लामो समय | अति महत्वपूर्ण | जीवनस्तर उकास्ने खालको सीपमूलक तालिम दिने, तथा सो क्षेत्रमा व्यापार प्रवर्द्धन गर्ने । | नगरपालिका र ठेकेदार |
| | राजस्व संकलन | बढ्ने । | प्रत्यक्ष | उच्च | क्षेत्रीय | लामो समय | अति महत्वपूर्ण रुपमा | दिगो एवं वातावरण मैत्री संकलन/ उत्खनन । | नगरपालिका र ठेकेदार |
| | विकास निर्माण सामग्रीको उपलब्धता | बढ्ने । | प्रत्यक्ष | उच्च | क्षेत्रीय | लामो समय | अति महत्वपूर्ण रुपमा | दिगो एवं वातावरण मैत्री संकलन/ उत्खनन । | नगरपालिका र ठेकेदार |
| | प्राविधिक सिपमा वृद्धि हुनु | कामदारहरले काम गर्न चाहिने सीपहरु सिक्ने | अप्रत्यक्ष | मध्यम | स्थान विशेष | छोटो समय | कम प्रभाव | प्रभावित क्षेत्रका समुदायलाई अभिमुखिकरण तालिम दिने । | नगरपालिका र ठेकेदार |
| | प्रविधि हस्तान्तरण हुने | श्रोत व्यवस्थापन सम्बन्धी सिप तथा प्रविधिको हस्तान्तरण | अप्रत्यक्ष | मध्यम | स्थान विशेष | लामो समय | कम प्रभाव | प्रभावित क्षेत्रका समुदायलाई अभिमुखिकरण तालिम दिने । | नगरपालिका र ठेकेदार |
| | जैविक विविधता संरक्षण तथा प्रोत्साहन | जैविक विविधताको संरक्षणमा पोत्साहन हुने । | अप्रत्यक्ष | उच्च | राष्ट्रिय | लामो समय | अति महत्वपूर्ण | तोकिएका क्षेत्रबाट मात्र श्रोतको संकलन गर्ने कामदारहरुदाई तालिम, प्रचार, उचित संकलन समयको निर्धारण गर्ने । | नगरपालिका र ठेकेदार |

**तालिका नं ५ : नकारात्मक प्रभावको निराकरण गर्ने उपायहरुको समीक्षा "म्याट्रिक्स"**

| कियाकलाप | नकारात्मक प्रभावहरु | सम्बन्धित नकारात्मक असरहरु | प्रभावको प्रकार Type of Impact | | | | | प्रस्तावित न्यूनीकरणका उपायहरु | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अवधि | कुल योगफल/ महत्वपूर्ण | | |
| उत्खनन्, संकलन एवं ढुवानी | नदीको किनार कटान बहाव/बाटोमा आउने प्रभाव | तटीय क्षेत्रमा भू-क्षय, जग्गा कटान | प्रत्यक्ष | मध्यम | स्थानीय | लामो समय | मध्यम रुपमा महत्वपूर्ण | ढुंगा, गिटी, बालुवाको संकलन प्रत्यक्ष तटिय क्षेत्रमा नगरी तोकिएको स्थानबाट मात्र संकलन गर्ने । | नगरपालिका जि.भू.का जि.व.का ठेकेदार |
| | फोहर तथा जल प्रदुषण | फोहर वातावरण, सरुवा रोग फैलन सक्ने सम्भावना | प्रत्यक्ष | उच्च | स्थानीय | लामो समय | अति महत्वपूर्ण | शौचालयको निर्माण, फोहर संकलन र उपयुक्त स्थानमा विसर्जन, ढुवानी साधन नदीमा नधुने | नगरपालिका, नपा, ठेकेदार |
| | वायू तथा ध्वनि प्रदूषण | वायू तथा ध्वनिको गुणस्तरमा कमी आउने | प्रत्यक्ष | उच्च | स्थानीय | लामो समय | अति महत्वपूर्ण | सडक विभागले तोकेको मापदण्डको सवारी साधनको प्रयोग र सडकमा पानीको प्रयोग गर्ने, ढुवानी साधनलाई त्रिपालले छोप्ने, प्रेशर हर्न निषेध गर्ने | नगरपालिका र ठेकेदार |
| | अत्याधिक वस्तुको ढुवानी गर्दा बाटोमा हुने क्षय | पहुँच मार्ग र अन्य मार्ग विग्रने | प्रत्यक्ष | मध्यम | स्थान विशेष | लामो समय | मध्यम रुपमा महत्वपूर्ण | ढुवानी गर्दा अत्याधिक वस्तु लैजान नपाउने र नियमति रुपमा बाटो मर्मतको व्यवस्था गर्ने | नगरपालिका र ठेकेदार |
| | थुप्रिएका वस्तुहरुको पार्ने असर | दृश्य वातावरण नकारात्मक असर | अप्रत्यक्ष | मध्यम | स्थानीय | छोटो समय | कम रुपमा महत्वपूर्ण | थेग्रिएका वस्तुहरु नदीको छेउछाउ अधिक थुपार्न निषेध गर्ने । | नगरपालिका र ठेकेदार |
| | खेती जन्य जग्गा तथा उपजमा कमी आउनु | नदीको गहिराइ बढ्न गई तल्लो क्षेत्र रहेका खेतियोग्य जमिनमा असर | अप्रत्यक्ष | मध्यम | स्थानीय | लामो समय | मध्यम रुपमा महत्वपूर्ण | नदीको सतहभन्दा गहिरोसम्म सङ्कलन गर्न रोक लगाइने छ जसले गर्दा नदी गहिरिने समस्या कम हुने र नदीबाट लिईदै आएका फाइदाहरुमा असर पर्ने छैन । | नगरपालिका र ठेकेदार |
| उत्खनन्, संकलन एवं ढुवानी | पेशागत स्वास्थ्य एवं सुरक्षा | धुलो र धुँवाले श्वासप्रश्वास समस्या तथा चोटपटक | प्रत्यक्ष | मध्यम | स्थानीय | लामो समय | मध्यम रुपमा महत्वपूर्ण | कामदारलाई, मास्क तथा हेल्मेटको प्रयोग, प्राथमिक स्वास्थ सामग्रीको व्यवस्था र स्वास्थ्य सुरक्षको आधारभुत तालिम दिने | नगरपालिका र ठेकेदार |

| कियाकलाप | नकारात्मक प्रभावहरु | सम्बन्धित नकारात्मक असरहरु | प्रभावको प्रकार Type of Impact | | | | | प्रस्तावित न्यूनीकरणका उपायहरु | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अवधि | कुल योगफल/ महत्वपूर्ण | | |
| | वातावरणको सुन्दरतामा असर पर्नु | नदीजन्य वस्तुहरु खुल्ला रुपमा भण्डारण गर्दा यो प्राकृतिक दृश्यमा असर पर्ने | प्रत्यक्ष | मध्यम | स्थान विशेष | छोटो समय | कम महत्वपूर्ण | संकलन क्षेत्रमा अनियन्त्रित तवरले संकलन गरिएका नदीजन्य वस्तुहरुको मौजाद गरी राख्ने कार्य लाई निरुत्साहित गरिनेछ । | |
| | माछा एवं अन्य जलचरमा पर्ने प्रभाव | वासस्थानमा असर, उभयचर प्राणीमा असर | अप्रत्यक्ष | उच्च | स्थानीय | लामो समय | अति महत्वपूर्ण रुपमा | रातिको समयमा काम नगर्ने, उत्खनन् कार्य नदीभित्रबाट नगर्ने, वासस्थानभन्दा टाढा उत्खनन् कार्य गर्ने । | नगरपालिका र ठेकेदार |
| | वन्यजन्तुको आवतजावत | वासस्थानमा असर, | अप्रत्यक्ष | मध्यम | स्थानीय | लामो समय | मध्यम रुपमा महत्वपूर्ण | वासस्थानभन्दा टाढा उत्खनन् कार्य गर्ने । रात्रीसमयमा उत्खनन् नगर्ने । | नगरपालिका र जि.व.का. |
| | वन्यजन्तु एवं वनपैदावरको गैरकानुनी शिकार तथा व्यापार | वन्यजन्तु र वनपैदावारको विनास | अप्रत्यक्ष | मध्यम | स्थानीय | लामो समय | मध्यम रुपमा महत्वपूर्ण | चोरी शिकारी, तथा गैरकानुनी व्यापार गर्नेलाई नियमानुसार कार्यवाही | नगरपालिका र जि.व.का. |
| | इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट | पानीको श्रोत प्रदुषण | अप्रत्यक्ष | उच्च | स्थानीय | लामो समय | अति महत्वपूर्ण | ग्यारेज वा व्यवस्थीत ठाँउमा नियमित मर्मत संभार, पुराना मेशिनरी सामानको प्रयोगमा रोक | नगरपालिका र ठेकेदार |

# अध्याय नौ ९ (Chapter IX)
# वातावरणीय व्यवस्थापन योजना (Environmental Management Plan)

वातावरण व्यवस्थापन योजना कुनै पनि योजना निर्माण वा संचालन गर्दा त्यसका गतिविधिहरुबाट वातावरणमा पर्न सक्ने असर/प्रभावहरुको पहिचान गरी त्यसलाई न्यूनीकरण गर्न गरिने प्रस्तावित एकिकृत प्रयासहरुको योजना हो । वातावरण व्यवस्थापन योजना विशेष गरी प्रभाव मूल्याङ्कन गर्दा अति महत्वपूर्ण प्रभावहरु भनी पहिचान गरिएका प्रभावहरुको हकमा निर्माण गरिने छ । आयोजना निर्माण पूर्व, निर्माण तथा संचालन चरणमा पर्न सक्ने विभिन्न वातावरणीय असरहरुको तथा ती चरणहरुमा ध्यान पुऱ्याउनुपर्ने वातावरणीय सवाल, आयोजनाका लाभवृद्धिका उपायहरु, नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु, त्यसका कार्यान्वयन तथा वातावरणीय अनुगमनका लागि संस्थागत जिम्मेवारी, वातावरणीय सम्बर्धन तथा नकारात्मक प्रभाव न्यूनीकरणको लागत समेत समावेश गरी वातावरण व्यवस्थापन योजना तयार पारिएको छ ।

## ९.१ वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु

### स्थानीयस्तरका संघ संस्थाहरु

**क) नगरपालिकाः** नदीबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन र ढुवानी गर्न स्वीकृती प्रदान गर्ने संस्थाहरु मध्ये नगरपालिका पनि एक हो । नदीबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन कार्यको कार्यान्वयन र अनुगमन गर्ने नगरपालिका सबैभन्दा उच्च संस्था हो । ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन सम्बन्धी योजना र नीतिहरु नगरपालिकाको अनुमतिमा गर्न पाइन्छ ।

**ख) गैरसरकारी तथा समुदायमा आधारित संस्थाहरुः** विभिन्न संघसंस्था, स्थानीय क्लबहरु, गैरसरकारी संस्थाहरु, साझेदारी वन उपभोक्ता आदि संघ संस्थाहरुले ढुङ्गा, गिट्टी, बालुवा संकलन र ढुवानी कार्य एवं वातावरण संरक्षणमा प्रमुख भूमिका खेल्न सक्नेछन् ।

**ग) जिल्ला वन कार्यालयः** जिल्ला वन को वन क्षेत्र भित्र पर्ने नदीहरुबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन कार्यको स्विकृती दिन सक्ने आधिकारिक संस्था जिल्ला वन  हो । ढुङ्गा, गिट्टी, बलुवा संकलन कार्य जिल्ला वन कार्यालय र नगरपालिकाको अनुमतिमा गर्न पाइन्छ ।

### केन्द्रिय स्तरका संघ संस्थाहरु

**क) संघीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयः**

नगरपालिका संघीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयको अन्तर्गत हुने हुदा केन्द्रस्तरको आधिकारीक संस्था भनेको संघीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालय हो । नेपाल सरकारका नीति

नियमहरुको कार्यान्वयन बारेमा स्थानीय प्रशासन मन्त्रालयले नगरपालिकालाई निर्देशन दिन्छ र त्यसको अनुगमन गर्दछ ।

**ख) वन तथा भू-संरक्षण मन्त्रालय:** वनजंगल क्षेत्रभित्र पर्ने सबै प्रकारका नदीहरु वन तथा भू-संरक्षण मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछन र तिनीहरुको व्यवस्थापनको लागि जिल्लास्तरमा जिल्ला वन कार्यालय हुन्छ । त्यसकारण नदीबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन कार्यमा यी दुई मन्त्रालयको अहम् भूमिका भएको हुनाले यिनीहरुको समन्वय अति आवश्क हुन्छ ।

## ९.२ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका:

प्रत्येक कियाकलापको अनुगमन गरेपछि त्यसबाट प्राप्त सुचनाहरुको अभिलेखिकरण गर्नु पर्दछ । अनुगमनबाट प्राप्त सूचनाहरुको अधारमा नगरपालिकाले भविष्यको योजना तर्जुमा गर्दछ । सुधार गर्नु पर्ने पक्षहरुलाई ध्यान दिँदै नयाँ र प्रभावकारी योजना तर्जुमा गर्न अनुगमन अभिलेखिकरणबाट सुचनाहरुले ठुलो सघाउ पुऱ्याउनेछन् । सामान्यतया प्रस्ताव कार्यान्वयन हुने आयोजनामा आधार रेखा अनुगमन, पालना अनुगमन र प्रभाव अनुगमन गरिन्छ ।

**तालिका नं ६ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका**

| क.स | अनुगमनको प्रकार | विषय वस्तु | सूचक | विधि | समय तालिका | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १ | **आधाररेखा अनुगमन** | नदीको किनारको अवस्था | नदी किनारको उत्खनन् र धारको अवस्था | स्थलगत निरीक्षण | आयोजना कार्यान्वयन पहिले | नगरपालिका/ वडा |
| २ | | बसोबासको अवस्था | नदी वरिपरीको बस्ती बसोबासको प्रकृति/ जनसंख्या बृद्धि | स्थलगत निरीक्षण/ छलफल | बार्षिक | नगरपालिका/ वडा |
| ३ | **पालना अनुगमन** | प्रस्ताव दस्तावेजमा प्रारम्भिक वातावरण प्रतिवेदन सिफारिसको समावेश । | प्रारम्भिक वातावरण प्रतिवेदनमा न्युनीकरणका उपायहरु अवलम्बन गर्न ठेक्का सम्झौता अनिवार्य समावेश गर्ने | ठेक्का सम्झौताको सम्पुर्ण व्यहोरा अध्ययन | सम्झौता गर्दा | नगरपालिका/ वडा |
| ४ | | सिफारिस गरिएका न्यूनीकरणका कार्य भए नभएको | उत्खनन् कार्य तोकिएको स्थान र मापदण्ड र मात्रामा संकलन गरेको हेर्ने | स्थलगत निरीक्षण | प्रत्येक ६ महिनामा | नगरपालिका/ वडा /ठेकेदार |
| ५ | | संकलन ईजाजत अनुसार काम भए नभएको | परिचयपत्र, चलानी पूर्जी आदि | स्थलगत निरीक्षण, चलानी पूर्जी | वार्षिक | नगरपालिका/ वडा /निर्माण व्यावसायी |
| ६ | | जनचेतना अभिवृद्धि कार्य भए नभएको | स्थानीय जनताहरुमा भएको जानकारी | छलफल | वार्षिक | नगरपालिका/ वडा /निर्माण व्यावसायी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | | सुरक्षा, स्वास्थ्य | बिरामी रेकर्ड र सोधपुछ | स्थलगत निरीक्षण | ६/६ महिनामा | नगरपालिका/ वडा |
| ८ | | तोकिएको परिमाण वा बढी संकलन गरेको वा नगरेको | संकलन तथा उत्खनन् भएको पैदावारको निरीक्षण | संकलित श्रोत जाँच र स्थलगत निरीक्षण | प्रत्येक महिनामा | नगरपालिका/ वडा /निर्माण व्यावसायी/अनुगमन समिति |
| ९ | **प्रभाव अनुगमन** | नदी किनारको अवस्था | नदीको धार परिवर्तन, नदी किनार कटान | स्थलगत निरीक्षण, छलफल | आवश्यकता अनुसार प्रत्यक ३/३ महिनामा | नगरपालिका |
| १० | | भौतिक संरचनाको संरक्षण भए नभएको | भौतिक संरचनाको तलमाथीको क्षेत्र, बाटो | स्थलगत निरीक्षण, छलफल | वर्षमा दुई पटक | नगरपालिका |
| ११ | | वायु, धुँवा, ध्वनिको प्रदूषण | संकलन गर्ने तरिका तथा ढुवानीमा प्रयोग हुने सवारी साधनको जाँच | स्थलगत निरीक्षण, स्थानीयबासी संग छलफल | प्रत्येक ६ महिनामा | नगरपालिका |
| १२ | | वन तथा वनस्पति र वन्यजन्तु | वन तथा लोपोन्मुख वनस्पतिको अवस्था, वन्यजन्तुको पदचिन्ह | स्थलगत निरीक्षण | आवश्यकता अनुसार गस्ती गर्ने | नगरपालिका |
| १३ | | माछा तथा जलचरमा असर परे नपरेको | माछा र जलचरको अवस्था | स्थलगत निरीक्षण | आवश्यकता अनुसार गस्ती गर्ने | नगरपालिका |
| १४ | | स्थानीय रोजगार | कामदारको नाम ठेगाना आदि | स्थलगत निरीक्षण/ छड्के जाँच | प्रत्येक ६ महिनामा | नगरपालिका |
| १५ | | सामाजिक सद्भावको अवस्था | अपराधिक तथा अप्रिय गतिविधि | स्थानीयबासी र कामदारसँग छलफल | महिनामा एक पटक | नगरपालिका |

## ९.३ अनुगमन र न्यूनीकरणको खर्चको विवरण

मधुवन नगरपालिकाको बबई नदी क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिट्टी तथा बालुवाको उत्खनन्, संकलन, ढुवानी, बिक्रि र व्यवस्थापन कार्य सञ्चालनका लागि वातावरणीय अनुगमन तथा नकरात्मक प्रभाव न्यूनीकरणका लागी वातावरणीय व्यवस्थापन तथा अनुगमनको लागि कुल रकम रु २,९५,०००/- मात्र अनुमान गरिएको छ । उत्त रकमको दुई बर्ष समय अवधि सम्मको लागि निर्धारण गरिएको हो ।

## ९.४ वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरुको संगठनात्मक स्वरुप

**तालिका नं ७ वातावरण व्यवस्थापन योजना लागु गर्न संस्थागत गठनको ढाचा**



# अध्याय दश (Chapter X)
# निष्कर्ष एवं सुझावहरु (Conclusion and Recommendations)

## १०.१ निष्कर्ष

वातावरण संरक्षण दिगो विकासको मूल मान्यता हो । भौतिक विकास निर्माण वा अन्य कार्यहरु गर्दा वातावरणमा प्रतिकूल असर पर्न सक्ने हुनाले यस्ता कार्यहरु गर्दा प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक श्रोतको समुचित उपयोग गर्नका लागि वातावरण संरक्षण ऐन २०७६ बमोजिम कार्यान्वयनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नुपर्ने हुन्छ ।

बर्दिया जिल्लाको बबई नदीबाट दिगो र वातावरणमैत्री रुपमा नदीजन्य पदार्थको उत्खनन्, संकलन, ढुवानी, बिक्रि र व्यवस्थापन गर्ने कार्यसँग यो प्रस्ताव सम्बन्धित छ। नदीजन्य पदार्थको उत्खनन्/संकलन योजना बनाई कार्य संचालन गर्दा प्राकृतिक श्रोतको उचित उपभोग मात्र नभई नदी व्यवस्थापनमा पनि ठूलो सहयोग पुग्नेछ । निर्माणका लागि आवश्यक पर्ने ढुंगा, गिट्टी, बालुवा आदि समयमै वैज्ञानिक तरिकाद्वारा संकलन हुदा श्रोतमा आधारित उद्योगहरु र निर्माणका योजनाहरु सञ्चालनमा रही स्थानीयस्तर देखि राष्ट्रियस्तर सम्म आपूर्तिको व्यवस्था हुनसक्छ। ढुङ्गा, गिट्टी बालुवा उत्खनन्/संकलन गर्ने नदी कुनै विशेष संवेदनशिल क्षेत्रमा पर्दैन । साथै यस प्रस्तावित क्षेत्र संरक्षित क्षेत्र, निकुन्ज, चुरे क्षेत्र जस्ता वातावरणीय दृष्टीकोणले सम्वेदनसिल क्षेत्र भित्र पर्दैन। प्रस्ताव कार्यान्वयन गरिदा नदी नजिकैका बस्ती तथा खेतीयोग्य जमिन बाढीले क्षतिग्रस्त हुन र डुबानबाट बच्ने देखिन्छ। साथै यस प्रस्ताव कार्यान्वयन गरिदा ठुलो क्षति हुने वा अपेक्षाकृत धेरै प्रतिकूल प्रभावहरु पर्ने स्थिति देखिदैन। यस प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनमा पहिचान भएका सम्पूर्ण वातावरणीय असरहरुलाई न्यूनीकरण गरी स्वीकार्य तहसम्म ल्याउन प्रभाव न्यूनीकरणका कम खर्चिला तथा सहज उपायहरु अपनाइएको छ । प्रतिवेदनमा संलग्न वातावरणीय असर न्यूनीकरणका उपायहरुले असर गर्ने क्षेत्रको गुणस्तर सुधारमा सहयोग पुऱ्याइ जीवनस्तरको गुणस्तर कायम गर्न सहयोग गर्नेछ ।

यस प्रस्तावको कार्यान्वयनबाट स्थानीयस्तरमा रोजगारीको श्रृजना हुनुका साथै जिल्ला समन्वय समिति तथा नगरपालिकालाई प्रत्यक्ष रुपमा राजस्व प्राप्त हुनेछ। प्रस्तावको कार्यान्वयन हुने नदी धेरै जनघनत्व भएको वस्ती, सांस्कृतिक सम्पदा क्षेत्र, संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा चुरे क्षेत्रमा पर्दैन। यस योजनाले कुनैपनि क्षेत्रलाई उल्लेख्य असर पार्दैन, बाढीको कारण बन्दैन, हावा तथा पानीलाई सामान्य रुपमा धुँवा, धुलोले प्रदुषण भने गर्नेछ साथै जथाभावी नदीजन्य वस्तुको उत्खनन्ले भने किनारको भागको कटानी तथा सामान्य पहिरो जान सक्छ।

यस आयोजनाको स्वीकृतीको लागि प्रारम्भिक वातावरणीय परीक्षण पर्याप्त रहेको छ । प्रभावहरुको न्यूनीकरण र संलग्न वातावरणीय अनुगमन योजना कार्यान्वयन गरी तोकिएको स्थान र परिमाण भित्र रहने गरी स्वीकृत भएको मितिबाट लागू हुने गरी २ बर्षको अवधि भित्र ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्,

संकलन, ढुवानी, बिक्रि र व्यवस्थापन गर्ने सर्तमा प्रस्तावित आयोजना कार्यान्वयन गर्ने निष्कर्ष निकालिन्छ । यो प्रस्तावना वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची (१) को दायरा भित्र पर्ने हुनाले प्रारम्भिक वातावरणीय परीक्षण नै पर्याप्त हुने देखिन्छ ।

बबई नदीमा जनाइएमा साइटहरु बाट निकालीएको डाटा अनुसार बार्षिक जम्मा हुने नदीजन्य पदार्थको कुल परिणाम ८१,३१७ घ.मि रहेको छ । त्यस्तै विभिन्न आकलनहरु लाई मध्यनजर गरेर हेर्दा कुल परिणामको ६० % नदीजन्य पदार्थ मात्रै उत्खनन् गर्न मिल्नेछ अर्थात्  ४८,७९०.० घ.मि नदीजन्य पदार्थ मात्र निकाल्न मिल्ने छ । त्यस्तै दैनिक उत्खनन् गर्न सिफारिस गरिएको परिणाम भने नाकाका आधारमा निर्धारण गरिएको छ ।

## १०.२ नगरपालिकाको प्रतिवद्धता

नदीजन्य प्राकृतिक पदार्थहरु ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, संकलन, ढुवानी, बिक्रि र व्यवस्थापन कार्यलाई व्यवस्थित र वातावरण मैत्री बनाउन निम्न प्रतिवद्धताहरु दिइएका छन् ।

- ❖ अनुगमन योजनामा दिइएका न्युनीकरणका उपायहरुको अनिवार्य कार्यान्वयन र त्यसको नियमित अनुगमन गरिनेछ ।
- ❖ स्थानीय स्तरमा पर्यावरण, सामाजिक, सांस्कृतिक विषयवस्तुहरुलाई महत्वका साथ उचित व्यवस्थापन गरिने छ। स्थानीयबासीहरुसँग नियमित रुपमा उनीहरुको राय सुझाव लिइनेछ ।
- ❖ रोजगारीको लागि स्थानीयलाई प्राथमिकता दिइनेछ ।
- ❖ प्रत्येक वर्ष बर्षायाम सकिएपछि थुप्रिएको ढुङ्गा, गिट्टी, बालुवाको परिमाण नाप जाँच अभिलेख राखिनेछ ।
- ❖ उत्खनन् कार्य नदी च्यानल देखि गरिने छैन ।
- ❖ कामदारहरुको लागि व्यवसायिक स्वास्थ्य र सुरक्षाको उपायहरु अपनाइने छ ।
- ❖ बालबालिकालाई कामदारको रुपमा प्रयोग गरिने छैन ।
- ❖ ठेक्का सम्झौतामा उल्लेख भएको परिमाण, स्थान आदिको नियमित अनुगमन गरिनेछ ।
- ❖ वनसँग समन्वय गरी राजस्व संकलनमा ऐक्यवद्धता प्रणालीको पहल गरिनेछ। सामुदायिक वन क्षेत्रसँग समन्वय गरी सिमा एकिन गरी नदीजन्य पदार्थ उत्खनन् गर्ने व्यवस्थाको अनुगमन गरिने छ ।
- ❖ जिल्ला स्थित प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भएको जिल्ला अनुगमन समितिद्वारा नियमित अनुगमन गरिनेछ ।

- समग्र क्रियाकलापको अनुगमनको लागि भूगर्भविद्, हाइड्रोलिष्ट, वातावरणविद्, वनविज्ञ, समाजशास्त्री आदि विशेषज्ञहरु सम्मिलित अनुगमन टोली निर्माण गरिनेछ ।

# सन्दर्भ सामाग्रीको श्रोत सूची

१) नेपालको संविधान

२) नेपाल सरकार वातावरण संरक्षण ऐन, २०७६

३) नेपाल सरकार वातावरण संरक्षण नियामावली, २०७७

४) ढुंगा गिट्टी बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन मापदण्ड, २०७७

५) केन्द्रीय तथ्याङ्क विभाग (२०११), राष्ट्रिय जनगणना

६) केन्द्रीय तथ्याङ्क विभाग, २०७४ को तथ्याङ्क

७) नेपाल सरकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४

८) नेपाल सरकार, वन ऐन २०७६ तथा नियमावली, २०७९

९) नेपाल सरकार, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०

१०) नेपाल सरकार, प्रदेश आर्थिक ऐन (लुम्बिनी प्रदेश)

११ नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ (लुम्बिनी प्रदेश)

१२) केन्द्रीय तथ्याङ्क विभाग, मधुवन नगरपालिकाको प्रोफाईल

१३) खानी तथा खनिज पदार्थ ऐन, २०४२

१४) जैविक विविधता सम्बन्धी रणनीति, २०५९

१५) वातावरण मैत्री स्थानीय शासन प्रारूप, २०७०

१६) बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५९

१७) मधुवन नगरपालिकाको वातावरण तथा प्राकृतिक संरक्षण ऐन, २०७७

१८) मधुवन नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७

१९) मधुवन नगरपालिकाको पूर्व प्रारम्भिक वातावरणीय परीक्षण (IEE Report) प्रतिवेदन

# अनुसुचीहरु (Annexe)

अनुसुची १ : कार्यसूची स्वीकृत पत्र

अनुसुची २ : परीक्षण सूची/जाँच सूची एवं प्रश्नावली

अनुसुची ३ : सार्वजनिक सूचना र सार्वजनिक सुनुवाईको सूचना

अनुसुची ४ : सम्बन्धित वडाहरु, कार्यालयहरुलाई पठाएका विभिन्न पत्रहरु

अनुसुची ५ : वडाहरुबाट प्राप्त पत्रहरु

अनुसुची ६ : सार्वजनिक सुनुवाइका फोटोहरु र माईनुट

अनुसुची ७ : संकलन क्षेत्रका सान्दर्भिक फोटोहरु

## अनुसुची १ : कार्यसूची स्वीकृत पत्र

मधुवन नगरपालिका
(Madhuwan Municipality)
# नगर कार्यपालिकाको कार्यालय
(Office of the Municipal Executive)
बर्दिया (Bardiya)
लुम्बिनी प्रदेश, नेपाल (Lumbini Province, Nepal )
Google Plus Code : 77RC+RC Sanoshree Taratal

प सं - पूर्वाधार ०८१/८२
च नं - ५४९

मिति ;- २०८१/०८/२८

श्री दीभांसी इन्जिनियरिंग कन्सल्टेन्ट कन्स्ट्रकसन एंड सप्लायर्स प्रा लि
महालक्ष्मी नगरपालिका-०५ ललितपुर।

बिषय :- कार्यसूची स्वीकृत गरिएको जानकारी सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस नगरपालिकाको आ व २०८१/८२ को अन्तरिक आय अन्तर्गत बबई नदिबाट नदिजन्य पदार्थ उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्वन्धी ठेक्का बन्दोबस्त गर्ने सन्दर्भमा बबई नदिवाट नदिजन्य पदार्थ उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिबेदन तयार गर्ने कार्यका लागि तहाँ फर्मले पेश गरेको कार्यसूची मधुवन नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन ,२०७७ र मधुवन नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि ,२०७७ को दफा ४ को उपदफा (४) बमोजिम श्रीमान नगर प्रमुखज्यूवाट मिति २०८१/०८/२८ मा स्वीकृत भएको व्यहोरा जानकारी गराईन्छ | साथै सोहि अनुसार प्रतिवेदन तयारी कार्य अघि बढाउन समेत जानकारी गराईन्छ |

...................
नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत
**नारायण बहादुर बिष्ट**
**प्रमुख प्रशासकीय अधिकृत**

"कृषि, पर्यटन र औद्योगिक क्रान्ति सहित सुन्दर, शान्त र सफा नगरको परिकल्पना मधुवन नगरवासीको चाहना"
Website: madhuwanmun.gov.np , email : madhuwanmun@gmail.com,

## अनुसुची २ : परीक्षण सूची/जाँच सूची एवं प्रश्नावली

संकलन/उत्खनन् गरिने परिमाणको आकलन

| क.स | उत्खनन् क्षेत्र | उत्खनन् क्षेत्रको चौडाई मि) | उत्खनन् क्षेत्रको लम्बाई मि) | उत्खनन् क्षेत्रको औसत उचाई मि) | ढुंगा, गिट्टि, बालुवा जम्मा भएको परिमाण घ.मि) | उत्खनन् गर्न सकिने जम्मा परिमाण | IEE अनुसार उत्खनन् गर्न मिल्ने परिमाण ( घ.मि) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

उत्खनन् क्षेत्रको विवरण

| क्र.स | उत्खनन् क्षेत्र | वडा | उचाई (मि) समुन्द्र सतहबाट | अक्षांश | देशान्तर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**चेकलिस्ट**

मधुवन नगरपालिकाको बबई नदीमा दिगो रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्, संकलन, बिक्रि तथा व्यवस्थापन कार्य गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा स्थानीयसँग गरिने छलफल गर्न तयार पारिएको प्रश्नावलीको खाका ।

भौतिक, जैविक, आर्थिक, सामाजिक तथा साँस्कृतिक वातावरणको आँकाडा संकलन खाका

१. उत्खनन् स्थलको आधारभूत अवस्था

क. उत्खनन् स्थलको नाम

| अवस्थिति | | | कोअर्डिनेट | उचाइ | भु-वनोट/भौगोलिक अवस्था |
|---|---|---|---|---|---|
| जिल्ला | न.पा. | वडा | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ख. प्रस्ताव विवरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नदीको प्रकार/प्रकृति | | | | | | |
| उत्खनन् स्थलको नाम तथा सुरु र अन्तिम विन्दु | | | | | | |
| उत्खनन् स्थलको सरदर लम्बाई र चौडाई | | | | | | |
| उत्खनन् स्थलमा नदीको सरदर चौडाई | | | | | | |
| थेग्रीने सेडिमेन्टको प्रकार | माटो | बालुवा | ढुंगा | गिट्टी | पेवेल | चट्टान |
| उत्खनन् स्थलमा भौतिक पूर्वाधार | सडक | खानेपानी | सिचाई | विद्युत | स्वास्थ्य सेवा | विद्यालय |
| धार्मिक तथा सांस्कृतिक स्थलहरु | मन्दिर | चर्च | गुम्वा | चिहान | | |
| उत्खनन्को लागि प्रयोग हुने सामाग्री | | | | | | |
| सडकको अवस्था | राजमार्ग | कच्ची | गोरेटो | अन्य | | |
| जमिनको उपयोग | जंगल | खेति | बस्ती | बाँझो | अन्य | |
| भैगर्भिक बनावट | | | | | | |

ग. प्रस्ताव कार्यन्वयनबाट उत्सर्जन हुने वस्तु

ठोस :

तरल :

ग्याँस :

घ. इन्धन खपत :

ङ. प्रविधिको प्रयोग :

च. कामदारको श्रोत :

छ. आवश्यक वस्तु :

ज. निर्माण वस्तुको श्रोत :

२. भौतिक वातावरण

क भुगोल तथा भौगर्भ अवथा

| प्रस्तावको क्षेत्र | उचाई | बहाव | मोहडा | भौगर्भ | भू-बनोट | माटोको प्रकार |
|---|---|---|---|---|---|---|
| दायाँ | | | | | | |
| बायाँ | | | | | | |
| पहुँच सडक | | | | | | |

ख. भू-उपयोग अवस्था

| क्र.स | भू-उपयोग प्रकार | क्षेत्रफल/हेक्टर/रोपनी | अवस्थिति/न.पा./वडा |
|---|---|---|---|
| १ | जंगल | | |
| २ | झाडी | | |
| ३ | खेतीपाती | | |
